वर्ष : १६, अंक : १५, काठमाडौं, २०७७ साउन ९ गते शुक्रबार, 24 July 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
| --- | --- |
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

## ४५ सय किसानको ब्याज प्रदेश सरकारले तिर्‍यो

जनकपुरधाम । प्रदेश २ सरकारले सप्तरीका चार हजार चार सय ९४ जना किसानले लिएको कृषि ऋणको चार महिनाको ब्याज तिरिदिएको छ । कोभिड-१९ संक्रमण रोकथाम र नियन्त्रणका लागि सरकारले लकडाउन घोषणा गरेपछि मारमा परेका किसानलाई राहतस्वरूप प्रदेश सरकारले चार महिनाको ब्याज तिरिदिएको हो ।

प्रदेश २ का भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री शैलेन्द्रप्रसाद साहले सप्तरीका किसानले लिएको ऋणको चार महिनाको ब्याजबापतको चेक सोमबार हस्तान्तरण गरेका छन् । मन्त्री साहले ब्याजबापतको चेक ऋणी किसानको सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई हस्तान्तरण गरेका हुन् । प्रदेश सरकारले

बाँकी अन्तिम पृष्ठमा

## प्रदेश २ को आधा बजेट फ्रिज

काठमाडौं । आर्थिक वर्ष २०७६/७७ मा प्रदेश २ का सरकारको आधाभन्दा बढी बजेट फ्रिज भएको छ । ३८ अर्ब ३८ करोड ५२ लाख ३७ हजार कुल बजेट रहेकोमा प्रदेश सरकारले १७ अर्ब ३४ करोड ४३ लाख ३६ हजार अर्थात् ४५ दशमलव १९ प्रतिशत मात्रै खर्च गर्न सकेको प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

चालू आबतर्फ ९ अर्ब ५२ करोड ८६ लाख ८२ हजार अर्थात् चालूतर्फको कुल बजेटको ४७ दशमलव ७५ प्रतिशत र पुँजीगततर्फ ७ अर्ब ८१ करोड ५९ लाख ४३ हजार अर्थात् ४० दशमलव ४ प्रतिशत मात्रै खर्च भएको छ ।

पुँजीगतभन्दा चालू खर्च बढी भएको प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयका निमित प्रमुख मनोज झाले जानकारी दिए ।

# प्रदेश २ का आठै जिल्ला डुबानमा

## प्रदेश सरकारको न पर्याप्त उद्धार, न राहत

मधेशवाणी डेस्क

काठमाडौं । केही दिन देखिको अविरल वर्षाले उपयुक्त निकास र नदी-खोलामा तटबन्ध व्यवस्थित नहुँदा प्रदेश २ का आठवटै जिल्ला बाढीको पानीले जलाम्य भएका छन् । गत हप्तादेखि प्रदेश २ मा आएको बाढीले बगाउँदा अहिलेसम्म सर्लाही र महोत्तरीमा दुई जना बेपत्ता छन् । त्यस्तै बाढीले सय १९ घर र ८ सय ४५ जना विस्थापित भएका छन् ।

प्रदेश २ प्रहरी कार्यालयका अनुसार महोत्तरीको रातु खोलाले बगाउँदा ४० वर्षीय वीरेन्द्र कापर र रौतहटको चाँदी खोलामा बगेर ५० वर्षीय सुकमानी थिङ छन् । विभिन्न जिल्लामा ३८ वटा घरमा बाढीले क्षति पुऱ्याएको छ । सिरहामा बलान नदीले सखुवा-४ र लहान-२३ का बस्ती र खेतीयोग्य जग्गा कटान गरेको छ । कटान क्षेत्रमा प्रदेश २ का भौतिक पूर्वाधार तथा विकासमन्त्री जितेन्द्र सोनल र आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्र यादवले निरीक्षण गरेका छन् । कटान रोक्न तारजालीको तत्काल बन्दोबस्त मिलाउन मन्त्रीहरूको निर्देशन छ ।

यस्तै, वीरगन्जका अधिकांश भूभाग पनि जलमग्न बनेको छ । अविरल वर्षाले महानगरको मुख्य व्यापारिक क्षेत्र आदर्शनगरसहित रानीघाट, श्रीपुर, रामगढवा, लक्ष्मनवा, छपकैया, मुर्ली, जेलरोड, गोश्वारा रोडलगायतका क्षेत्र डुबानमा परेकका छन् । नगर क्षेत्रमा ३ देखि ५ फिटसम्म पानी जमेको छ।





बिनायोजना बढ्दो आवास निर्माणले महानगरपालिका वर्षात्मा डुबानमा पर्ने गरेको छ । पर्साको सिंघाई, ओरिया, भोडाहा, तिलावे खोलामा आएको बाढीले अधिकांश क्षेत्र डुबानमा छन् । भोडाहा खोलामा आएको बाढीले लालपर्सा, चोर्नीलगायतका क्षेत्र डुबानमा परेका छन् ।

सर्लाही सदरमुकाम मलंगवासहित आधा दर्जन बस्ती प्रभावित छन् । कतिपय स्थानीय तहले सडक बनाए पनि पानी निकासको व्यवस्थापनमा चुक्दा पूर्वपश्चिम राजमार्गका केही बस्ती पनि डुबानमा परेका छन् । पानीको निकास नहुँदा सदरमुकाम मलंगवा, गोडैता, हरिवन, लालबन्दी, कविलासी नगरपालिकाको बस्ती डुबेका हुन । विपत् व्यवस्थापन समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी मोहनबहादुर जीसीले जनधनको क्षति भने नभएको बताए । धनकौल गाउँपालिका-३, ढापटोलका स्थानीय भने त्रासमा छन् । वाग्मती किनारको यो बस्तीछेउमै एकादशी खोला र मनुष्मारा खोला छन् ।

दुवै खोला सतहभन्दा निकै माथि आएका छन् । बाढीको पानी गाउँ पस्न थालेपछि स्थानीय बासिन्दा वाग्मतीको तटबन्धमा टहरा निर्माणमा जुटेका छन् । बाढीका बेला तटबन्ध नै उनीहरूका लागि सहारा बन्ने गरेको छ ।

**बाराको जनजीवन अस्तव्यस्त**

अविरल वर्षा र डुबानले बारा जिल्लाको जनजीवन अस्तव्यस्त बनेको छ । कतिपय विपन्न परिवारको घर भत्केको छ । पूर्व-पश्चिम महेन्द्र राजमार्गअन्तर्गत अमलेखगन्जको १ र २ नम्बर पुलको बीचमा २५ मिटर राजमार्ग भत्केपछि आवतजावतमा कठिनाई भएको छ ।

सदरमुकाम कलैयासहित जिल्लाका आधा दर्जन गाउँपालिकामा खोलाको पानी पसेपछि स्थानीय समस्यामा परेका छन् । प्रसौनी गाउँपालिका-५ गोईंठही टोलको जादोलाल कुसवाहाको घर भत्केको छ । यसैगरी महागढीमाई नगरपालिका-१० गन्जभवानीपुर र वडा ४ को दहियारमा दुई घर भत्किएको छ । उता देवताल गाउँपालिका-६ रामपुर्वा र फेटा गाउँपालिका-१ त्रिवेणी गाउँमा डुबानमा परेकालाई सशस्त्र र नेपाल प्रहरीले उद्धार गरेको छ ।

बालगंगा खोलाको धार परिवर्तन भएर किसानको सयौं बिघा धानबाली कटानमा परेको छ । अनावृष्टिले कतिपय खेत रोपाइँसमेत हुन सकेको छैन् ।

**सप्तरीमा डुबान**

बाढीले सप्तरीको हनुमाननगर नगरपालिका, छिन्नमस्ता, बलानविहुल र तिलाठीकोइलाडी गाउँपालिका, महोत्तरीको जलेश्वर नगरपालिका र मटिहानी नगरपालिका, सर्लाहीको बागमती नगरपालिका, ईश्वरपुर नगरपालिका र चक्रघट्टा गाउँपालिका, रौतहटको चन्द्रपुर गरुडा नगरपालिका एवं बाराको पचरौता र सुवर्ण गाउँपालिका प्रभावित भएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

सप्तरीका विभिन्न पालिकाको एक सय ५० घर क्षतिग्रस्त भएको र चार सय ५० व्यक्ति विस्थापित भएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ । त्यस्तै, सर्लाहीको ४६ घर भत्केर दुई सय ५५ जना विस्थापित भएका छन् र रौतहटको २३ घर भत्केर एक सय ४० जना विस्थापित भएका छन् ।

बाढीबाट जनधनको सुरक्षा गर्न सप्तरीमा तीन सय ७०, सिरहामा

बाँकी अन्तिम पृष्ठमा

# अयोध्यामा बन्दैछ विशाल राम मन्दिर

काठमाडौं । नेपालले भगवान रामबारेमा दाबी प्रस्तुत गरिरहेका बेला भारतले अयोध्यामा भव्य तीन तले मन्दिर बनाउने भएको छ । पहिलेको मन्दिरभन्दा पनि भव्य देखिने गरी तीन तले राम मन्दिरको डिजाइन फाइनल गरिएको हो ।

मन्दिरका मुख्य आर्किटेक्ट निखिल सोमपुराले मन्दिरको नयाँ डिजाइन सार्वजनिक गरेका हुन् । राम मन्दिरको पहिलो डिजाइन सन् १९८५/८६ मा बनाइएको थियो । त्यस समय श्रद्धालुको भीडलाई देखेर त्यो डिजाइन तयार गरिएको थियो । तर अहिलेको अवस्थामा श्रद्धालु अझै बढेपछि मन्दिरको डिजाइनमा परिवर्तन गरिएको हो । मन्दिरलाई अझै भव्य बनाउँदै लम्बाइ, उचाई र चौडाइ बढाइएको छ ।

अब राम मन्दिर दुई नभइ तीन तले हुनेछ । जसको उचाई १६१ फिट, चौडाइ २३५ फिट र लम्बाइ ३६० फिटको हुनेछ । मन्दिरको मूल स्वरुप भने पुरानै हुनेछ । मन्दिरका तीनवटा गजुरमा अन्य गजुर पनि थपिएको छ । छेउमा दुई र अगाडितर्फ एक गजुर थपिएको हो । नयाँसहित अब मन्दिरमा ४ वटा गजुर हुनेछन् ।

राम मन्दिरको पहिलेको उचाई १२८ फिट थियो, जुन अब १६१ फिट भएको छ । तीन तले बन्न लागेको मन्दिरमा ३८१ खम्बा हुनेछन् । हरेक तलामा १०६ खम्बा बनाइनेछ । रामको मन्दिर जमिनबाट १७ फिट उचाईमा हुनेछ । दोस्रो तलमा रामको दरबार हुनेछ । करिब ६९ एकड भूमिमा पाँचवटा गजुरसहितको मन्दिर अन्यत्र नभएको दाबी गरिएको छ ।

बाँकी अन्तिम पृष्ठमा

समय सन्दर्भ

अधिवक्ता विकास कुमार गुप्ता



# आजसम्म मधेशलाई गुमराहमा राखियो

तराई मधेश राष्ट्रिय परिषद् विगत ७/८ वर्षदेखि मधेशभित्र रहेका राजनीतिक र सामाजिक समस्याहरुलाई समाधान गर्ने उद्देश्यले आफ्ना गतिविधिहरु अगाडि बढाउँदै आएको छ । हाम्रो मूल ध्येय के रहेको छ भने एक किसिमले मधेशमा लिडरसिपको अभ्यास गराउनु, लिडरसिप जन्माउनु र आजसम्म मधेशमा जुन प्रकारको राजनीतिक विस्तार भयो र राजनीतिक संस्कार विस्तार भयो त्यो राजनीतिक संस्कारमा लिडरसिप डेभलपमेन्ट हुने एलिमेन्टस्हरु पायौं । त्यहाँ राजनीति पनि नैतिकता र नीतिविहीनरुपमा राजनीतिक दलहरुको निर्माण भयो । त्यसले गिरोहतन्त्रको रुपमा स्थापित भयो । उसले दास र दूराचारिता जन्मायो । विगतको इतिहास पनि हेरियो भने यसले युवाहरुमा जुन प्रकारको एलिमेन्टस् वा पावरहरु वृद्धि हुनुपर्ने हो त्यसो देखिएन । विगतमा तीन/चार वटा आन्दोलनहरु मधेशले व्यहोऱ्यो । त्यो आन्दोलनहरुबाट युवा नेतृत्वहरु हुनुपर्ने सवालमा ती नेतृत्वहरु नआइकन पूरानै अनुहारहरुलाई पुनः ठाउँ दिइयो । त्यसले मधेशलाई चरम रुपमा मधेशका युवाहरुलाई बर्बाद गर्ने काम गऱ्यो । त्यसले गर्दा हामीले तराई मधेश राष्ट्रिय परिषद् गठन गऱ्यौं । तराई मधेश परिषद्ले मुख्यतः दुईटा मुद्दामा काम गर्दै आएको छ । एउटा मधेशी राष्ट्रियता निर्माण र अर्को आइडिया अफ मधेशको विकास गर्ने । राष्ट्रिय उत्पीडनको सवालमा मधेश राष्ट्रबाट जुन उत्पीडनमा परेको छ, त्यो उत्पीडनको व्याख्या विश्लेषणहरु मात्र सीमित राखे । जति पनि मधेशका नागरिक समाज, अगुवा वा राजनीतिक दल होस्, उनीहरुले विश्लेषण व्याख्यामा सीमित गरे । राष्ट्रिय उत्पीडनको संश्लेषण हुने काम भएन कि मधेशको जेन्यून समस्यालाई कसरी समाधान गराउनुपर्छ र कुन मार्गबाट स्पष्ट गरेर निराकरण गर्न सकिन्छ भन्ने कुरा भन्न सकेन । आजसम्म मधेशलाई गुमराहमा राखियो । त्यो गुमराहको सवालमा उनीहरु आफूलाई केन्द्रबिन्दूमा राखेर आफ्नो पक्षपोषण गर्ने काम गरियो । हामीले मधेशी राष्ट्रियता निर्माण गरी मधेशको मूल समस्या जसलाई निराकरण गर्ने हेतु तराई मधेश राष्ट्रिय परिषद् गठन गऱ्यौं । यसैमा हामी निरन्तर लागिपरेका छौं ।

मधेशलाई नदेखिने गरी औपनिवेशिकमा राख्ने काम भएको छ । दोस्रो दर्जाको रुपमा जुन समाज हुन्छ, त्यसको मनोविज्ञान जहिले पनि विभाजित हुन्छ । त्यो विभाजिनत मनोविज्ञानबाट जन्मेको जुन पार्टीले आफ्नो हिस्सेदारी खोज्ने काम गऱ्यो । यसमा हाम्रो जुन जेन्यून र मौलिक अधिकारहरु छन् त्यसमा हामीले भागेदार होइन, त्यसको हामी साझेदार हौं । हामी त्यसको मालिक हौं भन्ने अनुभवबाट नीतिगत रुपमा कुनै पार्टी चलेन । अहिलेसम्म जुन राजनीतिक संस्कार विकसित हुँदै आयो, त्यसकै निरन्तरता आजसम्म दिइयो । अहिलेको डेमोक्रेसी एटमोक्रेसी हो, अर्थात् जातिवाद हो । हाम्रो मधेशमा जुन प्रकारले पार्टीको निर्माण प्रक्रिया भयो, त्यो समूहगत र व्यक्तिगत स्वार्थमा लिप्त भयो । राज्यबाट सञ्चालन गरिएका र राज्यबाट नियुक्त गरिएका व्यक्तिहरुबाट राजनीतिक पार्टीहरु निर्माण भए । त्यसमा पनि पावरका एजेन्सीहरुले आफ्ना प्रतिनिधिहरु राखे । त्यसैले पावरमा जुन राजनीतिक दलहरु केन्द्रित भएर बसे, त्योभन्दा माथि आउन सकेन । उसको मधेश एउटा वस्तु मात्र भयो जसले भजाएर आफ्नो अनुकूलको माग र एजेन्डाको रुपमा विकास गरे । तर, जहाँ कुनै नीति हुँदैन त्यहाँ अवसरवाद मात्र हुन्छ । जहाँ अवसरवाद हुन्छ त्यहाँ राजनीतिक दल होइन, गिरोह हुन्छ । त्यो गिरोहले आफ्नो अनुकूलका कारिन्दाहरु जन्माउँछन् । त्यसैले मधेशभित्र रहेका जेन्युन युवाहरु छन् जसले साँचिकै पोटेन्सियलिटी बोकेका थिए उनीहरु एउटा मधेशको सम्भावना हुन सक्थे, उनीहरुलाई यदि माथि ल्याइयो भने एउटा थ्रेटको रुपमा हुन सक्छ । त्यसले पार्टीका अध्यक्ष वा नेताहरुको भविष्य नै धरापमा पर्न सक्छ । किनकि ती नेताहरुसँग वैचारिक र सैद्धान्तिक बहस गरियो भने तिनीहरुको कुनै धरातल छैन । मधेशको समस्या संश्लेषण गर्ने सवालमा उनीहरुसँग कुनै एजेन्डा छैन । उनीहरु जहिले पनि भन्छन्, मधेश एउटा राष्ट्र हुन सक्छ, मधेशले विद्रोह गर्छ तर गर्ने माध्यम चाहिँ के ? कुन बाटो अख्तियार गरियो भने त्यहाँसम्म पुग्न सकिन्छ र त्यसले मधेशको पहिचान र समस्यालाई समाधान गर्न सकिन्छ भन्ने दृष्टिकोण नै छैन । त्यसले गर्दा नै आजसम्म मधेश पछाडि पर्दै गएको छ ।

*(तराई मधेश राष्ट्रिय परिषद्का संयोजक गुप्तासँग गरिएको कुराकानी)*



## सम्पादकीय

# बाढीको वितण्डा

भौगर्भिक, भौगोलिक, जैविक, जल तथा मौसम र वातावरणीय अवस्थाका कारणले विपद्का घटनाहरू हुने गरेका छन्। नेपालको पूर्वदेखि पश्चिमसम्मको भूभाग वर्षायाममा बाढी पहिरो, अतिवृष्टि या अनावृष्टि, असिना, खडेरी, हावाहुरी, हिउँदमा शीतलहर एवं हिमपात र जुनसुकै समयमा भूकम्पीय दृष्टिले संवेदनशील मानिन्छ।

नेपालमा मनसुनयाममा विशेषत: जुन १० देखि सेप्टेम्बर २३ सम्म अत्यधिक वर्षा हुने गरेको छ। छोटो समयमा पर्ने अत्यधिक वर्षा, अपूरो र कमजोर बाढी नियन्त्रण संरचना, नदीमा गरिएको अतिक्रमण, भारतले सीमामा बनाएको तटबन्ध नै नेपालमा बाढीको प्रमुख कारण रहेको पाइन्छ। संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम र सङ्कट निवारण तथा पुनर्लाभ ब्युरोका अनुसार बाढी र पहिरो जोखिमको हिसाबले विश्वमा नेपाल ३० औं स्थानमा छ।

राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणका अनुसार २०७७ साल जेठ ३१ गतेदेखि असार २९ गतेको बीचमा नेपालमा भएको बाढीपहिरो र

**बाढीपहिरोको विपद् व्यवस्थापन तथा न्यूनीकरणका लागि पूर्वसचेतना कार्यक्रम, विपद्का बखत तत्कालका उद्धारका प्रबन्ध, अल्पकालीन र दीर्घकालीन र ाहतका काम पनि गहन समीक्षाका विषय बनेका छन् ।**

डुबानका कारण ८५ जनाको मृत्यु भएको छ भने ४६ जना बेपत्ता भएका छन्। त्यसबाट १५ भन्दा बढी जिल्ला प्रभावित भएका छन्। बर्सेनि यसरी प्राकृतिक विपत्तिका घटना हुनुमा नदीहरूको प्रकृतिले पनि सहयोगी भूमिका खेलेको छ। देशभरि छ हजारभन्दा बढी नदीनाला छन् र तिनीहरूको लम्बाइ करिब ४५ हजार किलोमिटर छ। त्यस्ता नदीको निकासमार्ग अत्यन्तै संवेदनशील र नजिक छ। नदीनालाको वरिपरिका क्षेत्रमा मानिसको बसोवास छ।

नेपालमा मनसुन सक्रिय गराउने मनसुनी न्यूनचापीय रेखा तराई-मधेश क्षेत्र नजिक रहेकाले अझै तीन चार दिन देशव्यापी भीषण वर्षाको सम्भावना छ। प्राकृतिक विपद्लाई बुद्धिमत्तापूर्ण तरिकाले न्यूनीकरण गर्न सकिनेछ, रोक्न सकिँदैन। विपद् आइसकेपछि त्यसबाट नागरिकलाई बचाउनु राज्यको पहिलो कर्तव्य हुनेछ। प्राकृतिक विपद्लाई विपद्पूर्व र विपद्पछिको गरी दुई दृष्टिकोणका आधारमा व्यवस्थापन गर्ने प्रयास सरकारले गर्दै आएको छ। नदी, बाढी, पहिरो नियन्त्रण, नदीमा खतराको तह अङ्कित, मौसम पूर्वानुमान सार्वजनिक, सूचना प्रवाह गरेर विपद्पूर्वको होसियारी तयारी गरिँदै आएको छ।

प्रदेश २ का आठवटै जिल्लामा भएका कटान, बढीपहिरो, डुबानले केही सन्देश दिएका छन्। यी प्रकृति प्रकोपविरुद्ध राहत र पुन:स्थापना नै पर्याप्त पहल होइनन्। नेपालका बस्ती, भौगोलिक बनावट, अवैज्ञानिक सडकजस्ता संरचना आदि र प्रकृति प्रकोपको सम्बन्धबारे प्राविधिक सामाजिक विश्लेषण जरुरी छ। प्रकोपमा कहीँ कतै मानवीय क्रियाकलाप नै मुख्य जिम्मेवार त छैनन् भनेर विगतको समीक्षा र आगामी योजना बनाउनु नितान्त आवश्यक छ। हरेक वर्ष प्रकोप, राहत तथा उद्धारको नियमित आकस्मिकता रोक्न अबका दिनमा भिन्न कोणबाट परिचालित हुनुपर्छ। तराई क्षेत्र डुबानमा पर्नुका अन्य कारण पनि छन्। नदी नियन्त्रणका सन्दर्भमा प्रभावकारी काम नहुनु, बजेटको अभाव रहनु, भएका काममा समेत गुणस्तरीयता नहुनुजस्ता अवाञ्छनीय पक्षले गर्दा तराईवासी सदैव रुन बाध्य छन् । भारतले गलत ढङ्गबाट बनाएको तटबन्ध हटाउन लगाउने, सम्झौताअनुरूप क्षतिपूर्तिको व्यवस्था गराउने र दुवै पक्ष डुबानमा नपर्नेगरी संरचना निर्माण गरिनुपर्ने अपेक्षा साकार भइरहेको छैन ।

बाढीपहिरोको विपद् व्यवस्थापन तथा न्यूनीकरणका लागि पूर्वसचेतना कार्यक्रम, विपद्का बखत तत्कालका उद्धारका प्रबन्ध, अल्पकालीन र दीर्घकालीन राहतका काम पनि गहन समीक्षाका विषय बनेका छन् । बाढी तथा पहिरोको बढी जोखिम भएका ठाउँमा जनधनलाई अधिक महत्व दिनैपर्छ। त्यस्ता जोखिमपूर्ण ठाउँमा भएका बस्ती वा परिवारलाई स्थानीय क्षेत्रमै सुरक्षित बसोवास, खानपान र औषधोपचारको व्यवस्था गर्नुपर्छ। बाढीपहिरो, भूकम्प आदि विपत्तिमा परेकालाई मनोवैज्ञानिक रूपमै उत्साही तुल्याउन नसके अपेक्षित सफलता प्राप्त हुन सक्दैन, तसर्थ यस्ता काममा विशाल छाती प्रदर्शन गर्न चुक्नुहुँदैन ।

# नेपाली राजनीतिमा निष्ठा र नैतिकता स्खलित हुँदै



**देवेश झा**

**संघीयता र गणतन्त्र स्थापना भइसकेको अवस्थामा दलहरूका लागि नयाा लक्ष्य कोर्नुपर्ने अनिवार्यता रहेको भए पनि राजनीतिको व्यापारीकरण गरिएका कारणले नैतिकताको संकटमा फसेका नेताहरू आ□नै मानमर्दन गर्ने काम गरिरहेका छन् ।**

सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी ( नेकपा) को आन्तरिक राजनीतिक विवाद यथावत् छ । प्रधानमन्त्री केपी शर्मा ओलीले आफूलाई सत्ताच्युत गराउन भारतीय पक्षले षड्यन्त्र गरिरहेको आरोप लगाउँदै आएका छन् । यसमा उनले आफ्नै शीर्ष सहकर्मीलाई पनि मुछेका छन् ।

राजीनामा माग्ने विपक्षी खेमाका नेता तथा संसदमा नेकपाका प्रमुख सचेतक देव गुरुङले ओलीको आरोपको खण्डन हुने गरी उनको सत्तालाई भारतीयहरूले मजबुत बनाउन खोजेको आरोप लगाएका छन् ।

नेकपामात्रै होइन, नेपालको राजनीतिमा स्थापित प्रमुख राजनीतिक दलहरूमा अहिले आन्तरिक कलह बढेको देखिन्छ । स्थापनाकालदेखि उठान गरिएका एजेण्डाहरू आज दलको प्राथमिकतामा पर्ने गरेका छैनन् । जनआन्दोलनले पञ्चायती शासन अन्त्य गरेपछि मनमोहन अधिकारीले नेतृत्व गरेको नेकपा ( मार्क्सवादी) र सीपी मैनाली, माधव नेपाल, ओलीलगायत संलग्न नेकपा (माले) एकीकृत भएर नेपाल कम्युनिष्ट पार्टी ( एमाले) बन्यो ।

पोखरामा भएको एकता भेलाबाट महासचिवमा छानिएका मदन भण्डारीले 'जनताको बहुदलीय जनवाद (जबज)' भन्ने सिद्धान्त अघि सारे । यसलाई बहुदलीय व्यवस्थामा चुनावी प्रतिस्पर्धा गरी समाजवादतर्फ जाने नयाँ सिद्धान्तका रूपमा महाधिवेशनबाट पारित गर्दै पार्टीको मार्गदर्शक सिद्धान्तको रूपमा स्वीकार गरिएको थियो ।

नेकपा (एकताकेन्द्र) को २०५१ साल फागुन पहिलो साता भएको तेस्रो विस्तारित बैठकले नयाँ जनवादी क्रान्तिको राजनीतिक तथा फौजी कार्यदिशा निर्माण गर्दै नाम परिवर्तन गरेर नेकपा ( माओवादी) बनायो । प्रारम्भिक तयारी पूरा गरी २०५२ फागुन १ (सन् १९९४ फेब्रुअरी १३) मा 'प्रतिक्रियावादी राज्यसत्ता ध्वस्त गर्दै नयाँ जनवादी राज्यसत्ता स्थापनार्थ जनयुद्धको बाटोमा अघि बढौँ' भन्ने नारासहित 'जनयुद्ध' घोषणा भयो ।

देशमा सरकार र नेकपा (माओवादी) बीच युद्ध चर्कियो । २०५८ साल जेठ १९ गते दरबार हत्याकाण्ड भएपछि बसेको नेकपा (माओवादी) केन्द्रीय कमिटीको बैठकले नेपालमा परम्परागत राजतन्त्रको अन्त्य भएको निष्कर्ष निकाल्दै 'गणतन्त्रको संस्थागत विकास गरौँ' भन्ने नारा अघि सारेको थियो ।

नेकपा माओवादीको जनयुद्धको क्रममा राजनीतिक शक्ति सन्तुलन कायम राख्न माओवादी पार्टीले जातीय पहिचानसहितको राज्य व्यवस्थालाई आफ्नो लक्ष्य बनाएको थियो । सोहीअनुरूप विभिन्न जातीय तथा सामुदायिक पहिचान भएका लिम्बुवान, खम्बुवान, मगरात, नेवा:, मधेसी, थारुवान आदि नाममा मुक्ति मोर्चाहरू गठन गरिएका थिए । पहिलो संविधानसभाको निर्वाचनपछि क्रमिकरूपमा यस्ता मोर्चाहरू अस्तित्वविहीन बनाइए ।

समाजवादी भनेर दाबी गर्ने राजनीतिक दल नेपाली कांग्रेसको स्थापना सन् १९५० मा नेपाल राष्ट्रिय कांग्रेस र नेपाल प्रजातान्त्रिक कांग्रेसको एकीकरणबाट भएको थियो । सुरुमा कांग्रेसले जहानियाँ राणाशासन अन्त्य गर्न शाहवंशीय राजतन्त्रसँग कार्यगत एकता गरेको थियो । पछि कांग्रेस र राजाबीच राज्य सञ्चालनको विधि र प्रक्रियामा मतभिन्नता चर्कियो ।

यसपछि राजा महेन्द्रले जननिर्वाचित प्रधानमन्त्री बीपी कोइरालालाई अपदस्थ गरेर जेल हाले । राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाएर निर्दलीय पञ्चायती व्यवस्था लागु गरे ।

आठ वर्षपछि जेलमुक्त भएका बीपी भारत प्रवासमा गए । पछि राष्ट्रिय अस्तित्व नै संकटमा गर्न थालेको निष्कर्षसहित बीपी २०३३ साल पुस १६ गते आफ्ना सहकर्मीहरूका साथ स्वदेश फर्किए । नेपाली कांग्रेसको अध्यक्षको हैसियतमा एउटा अपिल प्रकाशित गरी मुलुकका सबै राष्ट्रवादी र प्रजातन्त्रवादी राजनीतिक शक्तिका बीच 'राष्ट्रिय एकता र मेलमिलाप' को आह्वान गरे । यसरी राजासँगको पुरानो अन्तरविरोध थाँती राख्दै नेपाली कांग्रेसले संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको दुई खम्बे नीति अपनाउने निर्णय गरेको थियो ।

२०५४ सालमा विराटनगरमा भएको विभिन्न क्षेत्रका व्यक्तिहरूको भेलाले नेपालमा सामाजिक, आर्थिक र राजनीतिक समस्या मुख्य समस्याको रहेको निष्कर्षसहित सचेतनामूलक कार्यक्रम चलाउने उद्देश्यले एउटा गैरसरकारी संस्थाका रूपमा 'मधेसी जनअधिकार फोरम' स्थापना गरेको थियो । यही फोरम राजनीतिक दलका रूपमा विकसित भयो ।

यो फोरमले २०६३ साल माघ २ गते 'मधेश आन्दोलन' सुरु गऱ्यो । आन्दोलनले उठाएका ८ वटा मागमध्ये मधेश स्वायत्त प्रदेशको मागसहित तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारसँग २०६४ साल फागुन १६ गते ८ बुँदे सहमति भयो । मधेस आन्दोलनको मुख्य उपलब्धि भनेकै अन्तरिम संविधानमा 'संघीयता' ले प्रवेश पाउनु हो ।

नेपाली कांग्रेस आफ्नै संस्थापक सभापति बीपी कोइरालाद्वारा स्थापित दुई खम्बा नीति परिमार्जन गरेर गणतन्त्रवादी बन्यो । वैकल्पिक राष्ट्रिय शक्ति बन्ने चाहनामा लागेका मधेसी नेताहरूले मधेस स्वायत्त प्रदेशको माग बिर्सिएका छन् ।

संविधानसभाले जारी गरेको संविधानप्रति असन्तुष्ट पाँच वटा दल संयुक्त लोकतान्त्रिक मधेशी मोर्चामा आबद्ध थिए । मोर्चामा रहेका पाँच दलका शीर्ष नेताहरूको बैठकले तराई मधेश लोकतान्त्रिक पार्टी, सद्भावना पार्टी, तराई मधेश सद्भावना पार्टी, राष्ट्रिय मधेश समाजवादी पार्टी, नेपाल सद्भावना पार्टी र मधेशी जनअधिकार फोरम गणतान्त्रिकलाई मिलाएर नयाँ पार्टी बनाउने सहमति गरे । सोहीअनुरूप राष्ट्रिय जनता पार्टी गठन भयो जसले 'समग्र मधेस एक प्रदेश' भन्ने मूल लक्ष्य राखेको थियो ।

मधेसी जनअधिकार फोरमका नेताहरूले पनि फुट्दै जुट्दै पूर्वमाओवादी नेता बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्ति पार्टीसँग एकीकरण गरेर समाजवादी पार्टी गठन गरेका थिए । पछिल्लो समयमा नेकपा र नेपाली कांग्रेसको वैकल्पिक राजनीतिक शक्ति बन्ने दाबीसहित समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टीको एकीकरणबाट जनता समाजवादी पार्टी गठन भएको छ ।

पदीय व्यवस्थापनमा अल्झिरहेका साझा पार्टी र विवेकशील नेपाली पार्टीले काठमाडौं उपत्यका र केही शहरी क्षेत्रबाहेक अन्यत्र उपस्थिति देखाउन सकेका छैनन् ।

समकालीन नेपालमा सबै प्रमुख राजनीतिक दलहरू आफ्ना स्थापनाकालदेखिको सिद्धान्त र लक्ष्य इन्कार गर्ने प्रयत्न गर्दैछन् । एकीकरणबाट नेकपा बनेपछि तत्कालीन नेकपा (एमाले) को जनताको बहुदलीय जनवाद र नेकपा (माओवादी केन्द्र) को एक्काइसौँ शताब्दीको जनवाद ओझेलमा परेका छन् ।

संघीयता र गणतन्त्र स्थापना भइसकेको अवस्थामा दलहरूका लागि नयाँ लक्ष्य कोर्नुपर्ने अनिवार्यता रहेको भए पनि राजनीतिको व्यापारीकरण गरिएका कारणले नैतिकताको संकटमा फसेका नेताहरू आफ्नै मानमर्दन गर्ने काम गरिरहेका छन् ।

नेपाली कांग्रेस आफ्नै संस्थापक सभापति बीपी कोइरालाद्वारा स्थापित दुई खम्बा नीति परिमार्जन गरेर गणतन्त्रवादी बन्यो । वैकल्पिक राष्ट्रिय शक्ति बन्ने चाहनामा लागेका मधेसी नेताहरूले मधेस स्वायत्त प्रदेशको माग बिर्सिएका छन् ।

पहिलो संविधानसभामा चार सीट पाएको राप्रपा (नेपाल) लाई दोस्रोपटक पच्चीस सीट प्राप्त भएको थियो । तर, गणतन्त्र र धर्मनिरपेक्षताविरुद्ध लक्षित राजनीतिबाट स्थापित दलका नेता गणतान्त्रिक सरकारमा सहभागी भएपछि पछिल्लो संसदीय निर्वाचनमा जम्मा एक सीटमा सीमित हुन पुग्यो ।

सत्ता र शक्ति भएपछि सबै पुग्ने सोचबाट प्रेरित दलका नेताहरू केही सीमित आसेपासेको घेरामा रमाउने र तिनै कार्यकर्ताको जमातलाई धनबलबाट पोषण गर्ने प्रयासमा देखिएका छन् । परिणामस्वरूप नेपाली राजनीतिमा निष्ठा र नैतिकता स्खलित हुँदै गएको छ । नेताहरूमा केवल सत्ता र शक्तिको भोक जागेको छ ।

संघीयता र गणतन्त्र स्थापना भइसकेको अवस्थामा दलहरूका लागि नयाँ लक्ष्य कोर्नुपर्ने अनिवार्यता रहेको भए पनि राजनीतिको व्यापारीकरण गरिएका कारणले नैतिकताको संकटमा फसेका नेताहरू आफ्नै मानमर्दन गर्ने काम गरिरहेका छन् । यस्ता नेताहरू क्रमिकरूपमा समाजबाट बहिष्कृत हुनसक्ने सम्भावना देखिन थालेको छ । राजनीतिमा धनबलको महत्व रहे पनि त्यही सर्वथा निर्णायक शक्ति होइन, पूरक मात्रै हो ।

विशुद्ध सेवाभावबाट सञ्चालन हुने क्षेत्रहरूलाई केही सीमित व्यवस्थापकीय आवश्यकताबाहेक व्यापार गर्ने थलो बनाउनु हुने थिएन । अहिले दलहरूभित्र देखिएको किचलो वास्तवमा सैद्धान्तिक नभएर सत्ता र शक्तिमार्फत व्यक्तिगत आकाङ्क्षा पूरा गर्ने प्रयासमात्र हो ।

यसकारण राष्ट्रहितको विषय ओझेलमा परेकोले समाजमा नकारात्मक धारणा र समग्र राजनीतिक क्षेत्रप्रति वितृष्णा बढ्दै गएको देखिन्छ । यथासमयमा राजनीतिक दलहरूले आफ्नो चिन्तनशैली परिमार्जन नगरे नेपाल फेरि पनि अराजकताको चक्रव्यूहमा फस्नेछ ।

– खबरहबबाट साभार

## प्रदेश २ मा बाढीबाट करिब १ हजार विस्थापित

जनकपुरधाम । प्रदेश २ मा आइतबारदेखि परेको अविरल वर्षापछि आएको बाढीका कारण २ सय १९ घरधुरीका ८ सय ४५ जना विस्थापित भएका छन् । बाढीको उच्च जोखिममा रहेको प्रदेश २ मा दुई दिनमै ८ सय ४५ जना विस्थापित भएको प्रदेश प्रहरी कार्यालय जनकपुरले जनाएको छ । बाढी आउँदा सप्तरीमा सबैभन्दा बढी १ सय ५० घरधुरीका ४ सय ५० जना विस्थापित भएका छन् भने २ वटा घरमा क्षति पुगेको जाएको छ । त्यस्तै सर्लाहीमा ४६ वटा घरका २ सय ५५ जना विस्थापित भएका छन् भने एउटा घरमा क्षति भएको छ । उता रौतहटमा २३ वटा घरधुरीका १ सय ४० जना विस्थापित भएका छन् भने त्यहाँ एउटा घरमा क्षति भएको प्रहरीले जनाएको छ । त्यस्तै महोत्तरीमा २, बारामा १ र पर्सामा २२ वटा घरमा क्षति भएको प्रहरी प्रवक्ता मिश्रले बताए ।

प्रदेश २ मा अहिले बाढीलाई मध्यनजर गर्दै उद्धारका लागि २ हजार ८ सय १० जना प्रहरीलाई परिचालन गरिएको छ भने ९ सय ६० जनालाई स्ट्याण्डवाई राखिएको छ । बाढीबाट उद्धारको लागि सप्तरीमा ३ सय ७०, सिरहामा ३ सय ४०, धनुषामा ३ सय ६०, महोत्तरीमा २ सय ९५, सर्लाहीमा ३ सय ८०, रौतहटमा ३ सय ९०, बारामा ३ सय ३० र पर्सामा ३ सय ४५ जना प्रहरी परिचालन गरिएको प्रदेश प्रहरीले जनाएको छ ।

## बाढी प्रभावित क्षेत्रको अनुगमन सुरु

जनकपुरधाम । प्रदेश २ सरकारले बाढी प्रभावित क्षेत्रको अनुगमन सुरु गरेको छ । अविरल वर्षापछि आएको बाढीका कारण भएको क्षति तथा वस्तुगत अवस्थाबारे बुझ्नका लागि भौतिक पूर्वाधार विकास मन्त्री जितेन्द्र सोनलको नेतृत्वमा अनुगमन सुरु भएको हो । प्रदेश सरकारद्वारा गठन गरिएको मन्त्री सोनलको संयोजकत्वमा रहेको विपद् व्यवस्थापन तथा अनुगमन समितिद्वारा सिरहास्थित कमला नदी, घुर्मी नदी, बतहा नदी, बलान नदी, गागन नदी लगायतका नदीमा आएको बाढी र सोबाट भएको कटान तथा डुबानले गरेको क्षतिको अध्ययन तथा अनुगमन थालेको छ । अनुगमन सुरु गर्दै मन्त्री सोनलले बाढी प्रभावित क्षेत्रहरुमा प्रदेश सरकारले अनुगमन पश्चात उद्धार तथा राहतको कार्य सुरु गरिने बताए । उनले बाढीको प्रभावलाई न्यूनीकरण गर्न सरकारले आगामी दिनहरुमा विज्ञमार्फत दिर्घकालिन योजना ल्याउन गइरहेको समेत जानकारी दिए । मन्त्री सोनलले राहतका लागि प्रदेश सरकार पूर्ण रुपले तम्तयार रहेकाले छिट्टै प्रभावित क्षेत्रमा राहत टोली समेत पुग्ने स्पष्ट पारे । उनले प्रदेशका ८ वटै जिल्लामा आएको बाढीले पुऱ्याएको क्षतिको स्थलगत अनुगमन गरी वास्तविक पीडितलाई राहत उपलब्ध गराउने र अन्य मर्मतसम्भार जस्ता कामको लागि समितिले सरकारलाई सिफारिस गर्ने जानकारी दिए । अनुगमनमा आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्रकुमार यादव, उद्योग, पर्यटन वन तथा वातावरणमन्त्री रामनरेश राय र सिरहाका प्रमुख जिल्ला अधिकारी प्रदिपराज कँडेल लगायतको सहभागिता थियो ।

# कांग्रेस वीपीकै विचार पथमा छ

विपी कोइरालापछि तीन पुस्ता राजनीतिमा आइसक्यो । जसले स्वाभाविकरुपमा विपी कोइरालाको विचारलाई सुने, त्यसलाई अंगीकार गरे र सँगसँगै हिंडे ती व्यक्तिहरु अहिले कांग्रेसको नेतृत्वमा छन् । अब परिवर्तन हुँदै गएको छ । स्वाभाविकरुपमा विपी कोइरालाको विचार र सिद्धान्तलाई बिर्सियो भनिन्छ तर बिर्सेको छैन ।



आनन्द प्रसाद ढुंगाना

केन्द्रीय सदस्य, नेपाली कांग्रेस

**० नेपाली कांग्रेसका संस्थापक नेता तथा नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री स्व.वीपी कोइरालालाई कसरी सम्झनु हुन्छ ?**

– म स्व.विपी कोइरालासँग राजनीतिकरुपमा पनि नजिकबाट भेटघाट गर्ने मौका पाएको छु । बडो कठिन परिस्थितिबाट उहाँले कांग्रेसलाई स्थापित गराउन सफल हुनुभएको हो । उहाँसँग हामी पहिलोपटक भेट्दा उहाँको विचारबाट निकै नै प्रभावित भएका थियौं । साँचै नै नेपालमा प्रजातन्त्र, लोकतन्त्रका लागि उहाँको भिजन स्पष्ट थियो । हामी पढ्दै गर्दाखेरि हामी कांग्रेसी हो भनेर भन्ने अवस्था थिएन । त्यतिबेला आफूलाई कांग्रेसी भन्ने व्यक्ति नेपालमा बस्न पाउँदैनथ्यो । त्यस्तो परिस्थितिमा उहाँले कांग्रेसको नेतृत्व सम्हाल्नुभएको थियो । उहाँ लोकतन्त्र, प्रजातन्त्र र राष्ट्रियताप्रति एकदम दृढ हुनुहुन्थ्यो । विपी जस्तो राष्ट्रवादी नेता अरु कोही छैनन् । राष्ट्रवादीको ढोङ गर्ने धेरै होलान्, तर लोकतन्त्र, प्रजातन्त्र र राष्ट्रप्रति उहाँको जे भिजन थियो त्यो मूल्य र मान्यतालाई कांग्रेसले अँगालेको छ ।

**० विपी कोइरालाको नीति र सिद्धान्तलाई कांग्रेसका नेताहरुले आफ्नो व्यवहारमा लागू नगरेको गुनासोहरु छन् नि ?**

– विपी कोइरालाको विचार र सिद्धान्तकै आधारमा अहिले नेपाली कांग्रेस छ । नेपाली कांग्रेस यस्तो शक्ति हो जसले हरेक समयमा यो देशका नागरिक अधिकारका लागि संघर्ष गर्दै आएको छ । नागरिक अधिकार मात्रै होइन, सामन्तीको विरुद्धमा समाजवादको नारा लिएर अगाडि बढ्यो । जसले गर्दा यो देशका जति पनि कांग्रेसी नेताहरु छन्, त्यसलाई मान्दै आएका छन् । उहाँ वि.सं. २०१६ सालमा दुई तिहाइले प्रथम जननिर्वाचित भएर सरकार चलाउनुभएको थियो । विपी कोइराला गरीब र निमुखा नागरिकका लागि, लोकतन्त्र र प्रजातन्त्रका लागि संघर्ष गर्ने व्यक्तित्वको रुपमा अगाडि देखियो । उहाँले त्यतिबेला छुवाछुतको विरुद्धमा आवाज उठाउनुभएको थियो । उहाँले दलितलाई कांग्रेसका महामन्त्री बनाएका थिए । यो देशमा राजनीतिक, सामाजिक, आर्थिक रुपान्तरणका लागि कांग्रेस संघर्ष गर्दै आइरहेको छ । हामी सबै नेपालीले उहाँलाई जननायक भन्ने गरेका छन् । किनकि उहाँ जनताका नायकको रुपमा आफूलाई नेतृत्व दिए, जसले कहिल्यै पनि पद र सत्ताको लोभ गर्नुभएन । सत्ता र पदको लोभ गरेको भए उहाँ जेल बस्नुपर्ने थिएन । उहाँले सधैं भन्ने गर्नुहुन्थ्यो कि मैले प्रजातन्त्र मात्रै रोजेको भए कांग्रेसले दुःख पाउने थिएन । उहाँले राष्ट्रियता र प्रजातन्त्रलाई सँगसँगै लैजान खोजे त्यसले गर्दा नेपाली जनता, राष्ट्र र कांग्रेसले दुःख पाए भन्ने गर्नुहुन्थ्यो ।

**० कांग्रेसका अहिलेका नेतृत्वले विपी कोइरालाको विचार र सिद्धान्तलाई बिर्सेको भन्ने आरोप लागिरहेको छ नि ?**

– विपी कोइरालापछि तीन पुस्ता राजनीतिमा आइसक्यो । जसले स्वाभाविकरुपमा विपी कोइरालाको विचारलाई सुने, त्यसलाई अंगीकार गरे र सँगसँगै हिंडे ती व्यक्तिहरु अहिले कांग्रेसको नेतृत्वमा छन् । अब परिवर्तन हुँदै गएको छ । स्वाभाविकरुपमा विपी कोइरालाको विचार र सिद्धान्तलाई बिर्सियो भनिन्छ तर बिर्सेको छैन । विपीले आफ्नै जीवनमा भनेर जानुभएको थियो कि प्रजातन्त्र र लोकतन्त्र आएपछि जब सामन्तीहरु हावी हुन खोज्छन्, त्यसपछि फेरि एकपटक कांग्रेसका नेता कार्यकर्ताहरुले संघर्ष गर्नुपर्ने हुन्छ । विपी कोइरालाको विचार मान्दिँन भन्ने व्यक्ति कांग्रेसभित्र छैन । कांग्रेसभित्र विचारका द्वन्द्वहरु छन् तर ती विचारको द्वन्द्वभित्र पनि विपीको प्रजातन्त्र, लोकतन्त्र, समाजवाद र राष्ट्रियताप्रति कहीं पनि मतभिन्नता छैन । कार्यशैलीमा मतभिन्नताहरु होलान् । कार्यशैलीको मतभिन्नतालाई छलफल गर्दै अगाडि बढ्नुपर्छ । किनभने कांग्रेस लोकतान्त्रिक पार्टी हो, लोकतान्त्रिक पार्टीमा धेरै कुराहरुको छलफल हुन्छन् । हिजो गणतन्त्र नमान्नेहरु थिए, संघीयता नचाहनेहरु पनि थिए । तर कांग्रेस गणतन्त्र र संघीयताको पक्षमा थियो र नेपालमा भयो । जबसम्म कांग्रेसको नेतृत्व भएन तबसम्म कुनै पनि परिवर्तन भएन । चाहे त्यो २००७ सालको परिवर्तन होस्, चाहे २०४६ सालको परिवर्तन होस्, चाहे २०६/६३ सालको परिवर्तन हो । संविधानसभाबाट संविधान जारी गर्नका लागि पनि नेपाली कांग्रेसले नै नेतृत्व गर्नुपऱ्यो । त्यसले गर्दा नेपाली कांग्रेस सदैव नेपाली जनताको परिवर्तनका निम्ति नेतृत्व गर्ने शक्तिको रुपमा रहिरह्यो । त्यो विचार भनेको विपी कोइरालाको विचार हो । उहाँले नेपाली कांग्रेसभित्र जुन छाप छोडेर जानुभएको छ, त्यहींअनुसार नेता कार्यकर्ताहरुले निर्णय गर्छन् ।

**० तर, अहिले नेपाली कांग्रेसको लोकप्रियतामा ह्रास आउँदै गरेको देखिन्छ । कांग्रेसले जनताको विश्वास गुमाउँदै गएको विश्लेषण गरिँदैछ । यसलाई स्वीकार्नु हुन्छ ?**

– नेपाली कांग्रेसको लोकप्रियता ह्रास भएको छैन । कांग्रेसले गरेको परिवर्तनको बारेमा कांग्रेसका कार्यकर्ताहरुले जनतासम्म पुऱ्याउन सकेका छैनन् । यदि ह्रास आएको भए विभिन्न समयमा भएका चुनावको मत परिणाम हेर्नुस् । कुनै पनि निर्वाचनमा कांग्रेसको लोकप्रिय मतमा कमी भएको छैन । गत निर्वाचनकै कुरा गर्ने हो भने जुन कम्युनिष्ट गठबन्धनले प्रत्यक्षमा त्यस्तो सिट जितेको छ तर कांग्रेसको समानुपातिक मत कम भएको छैन । भनेपछि नेपाली कांग्रेस जनतामा अलोकप्रिय भएको छैन । कांग्रेसको विरुद्धमा सबै शक्तिहरु लागेका छन् । कांग्रेसलाई कमजोर पाऱ्यो भने मात्रै शासन गर्न सकिन्छ भन्ने राणादेखि लिएर अहिलेसम्मका शक्तिहरु कांग्रेसको विरुद्धमा लागेका छन् । अहिले जुन किसिमको षड्यन्त्र हुँदैछ त्यो पनि कांग्रेसलाई नै कमजोर गर्न खोज्दैछ । जुन शक्तिको अधिकार २००७ सालमा खोसियो, २०४६ मा खोसियो ती शक्तिहरु अहिले पनि कांग्रेसलाई कमजोर पार्न खोज्दैछन् । त्यसका लागि विभिन्न प्लेटफर्महरु खोलिँदैछ, जसले कांग्रेसलाई कमजोर गर्न खोज्दैछ । त्यसको बाबजुद पनि कांग्रेसलाई कमजोर गर्न सकेको छैन । करिब-करिब दुई तिहाइको बहुमत पाएको कम्युनिष्ट सरकारले केही गर्न सकिरहेको छैन । जनताले अहिले पनि चाहिरहेका छन् कि कांग्रेसले नै केही गरोस्, कांग्रेसले नै यो देशलाई बचाउन सक्छ भन्ने आवाजहरु उठिहरेका छन् । जनता अहिले पछुताइरहेका छन्, कम्युनिष्ट र मधेशकेन्द्रित दललाई मत दिएर ।

**० नेपाली कांग्रेसको १४औं महाधिवेशनको तयारी हुँदैछ, महाधिवेशनको कार्यतालिका पनि बनाइसकेको छ । कार्यतालिकाअनुसार महाधिवेशन हुनेमा विश्वस्त हुनुहुन्छ ?**

– कांग्रेसले आफ्नो १४औं महाधिवेशनका लागि पहिला पनि कार्यतालिका बनाएको थियो । यो कोभिड-१९ नभएको भए धेरै काम सम्पन्न भइसकेको हुन्थ्यो । कोभिड-१९ का कारण गाउँ-गाउँमा पुग्न सकेनौं, हामीले जुम बैठक गर्नुपऱ्यो, टेलिफोनमार्फत कार्यकर्ता साथीहरुसँग सम्पर्क गर्नुपऱ्यो । तर हामी विश्वास दिलाउन चाहन्छौं कि जुन हाम्रो कार्यतालिका छ, त्योअनुसार महाधिवेशन गराउने हामीले अठोट लिएका छौं । त्यसबाट हामी पछाडि हट्दैनौं । हाम्रो सभापतिले पनि प्रष्टरुपमा भनिसक्नुभएको छ कि कांग्रेसलाई लोकतन्त्रको पक्षमा उभ्याउनका लागि आन्तरिक विवादहरुलाई समाधान गर्दै नयाँ शिराबाट अगाडि बढ्नेछौं ।

**० कांग्रेसमा अब नयाँ पुस्ताले नेतृत्व पाउँला त ?**

– पुस्ता भनेको विपी कोइराला, गणेशमान सिंह, किशुनजी, गिरिजाबाबु, सुवर्णजी जस्ता व्यक्तिहरुले नेतृत्व गरिसक्नुभएको छ । अहिले २००७ सालपछिका पुस्ताले नै नेतृत्व गर्दैछ । नेपाल विद्यार्थी संघका नेता यो देशको प्रधानमन्त्री हुनुभएको छ । भनेपछि त दोस्रो पुस्ता आइगो । अब तेस्रो पुस्ता पनि आउँछ, आउँदैन भन्ने कुरा होइन । जसले विपी कोइरालाको नाउँ सुन्यो, जसले विपी कोइरालाको विचार पढ्यो, जो विपी कोइरालाको विचारबाट प्रतिपादित भएर संघर्ष लागे, जसले विपी कोइरालाको विचार सिद्धान्तलाई अँगालेर हिंडे त्यो शक्ति आउँदैन भन्ने कुरा होइन । सबैले हेरिरहेका छन्, नयाँ शक्तिको रुपमा कांग्रेसका महामन्त्री भएर आउँदैछन् । नयाँ शक्तिहरु केन्द्रीय समिति भएर आउँदैछन् । कुनै पनि कुराको शक्ति हस्तान्तरण प्रक्रियागत रुपमा नै हुन्छ । प्रक्रियागतरुपमा भयो भने त्यसले दिगो समयसम्म चल्छ, तर आकस्मिकरुपमा भयो भने त्यसले दिगो कालसम्म नचल्न पनि सक्छ । त्यसले गर्दा निश्चय नै प्रक्रियागत रुपमा कांग्रेसमा नयाँ पुस्ताहरुले नेतृत्व गर्छन् । नयाँ पुस्ता र युवाहरुले जोश र जाँगरका साथ नयाँ कुराहरु राखिरहेका छन् । त्यसलाई नेपाली जनताले पनि अस्वीकार गरेको छैन ।

# हामी दृढ संकल्पित छौं, आगामी निर्वाचनमा प्रदेश २ मा क्लिनस्वीप गर्नेछौं



ललित मल्लिक सानु

संयोजक, मधेश नेतृत्व पुञ्ज, जनमत पार्टी

**० तपाइँ जनमत पार्टीमा किन लाग्नुभयो ?**

– मधेशको मुक्ति चाहनाका साथ म फोरममा आबद्ध भई आफ्नो राजनीतिक यात्रा सुरु गरें । फोरम निरन्तररुपमा विभाजित हुँदै गयो तर म सधैं फोरमसँगै रहें । जब जयप्रकाश गुप्ताजीको नेतृत्वमा फोरम विभाजित भयो र गणतान्त्रिक फोरम बन्यो त्यो बेला म जेपी गुप्ताजीको राजनीतिक विचारप्रति प्रभावित हुँदै आएको थिएँ र उहाँसँगै लागे । त्यसपछि उहाँले तराई मधेश राष्ट्रिय अभियान स्थापना गर्नुभयो र हामी लगायतका नेता कार्यकर्ताहरु अभियानमै लाग्यौं । केही दिनपछि तमरा अभियान सुस्त भयो । अन्य साथीहरु पनि अभियानबाट टाढिँदै गए । म सधैं मधेशको लागि संघर्ष गर्ने व्यक्ति भएकोले सुस्त संगठनमा बसेर आफ्नो संघर्षलाई अगाडि बढाउन सकिँदैन भन्ने निष्कर्ष निकाल्दै वर्तमान अवस्थामा सबभन्दा सशक्तरुपमा मधेशको मुद्दा उठाउँदै आएको डा.सीके राउत नेतृत्वको जनमत पार्टीमा लागेको हुँ । जनमत पार्टी नयाँ जोश र जाँगरका साथ मधेश मुक्तिका लागि लागिरहेको युवाहरुको पार्टी भएकोले म जनमत पार्टीमा आबद्ध हुन पुगें ।

**० जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले विगतमा पृथकवादी एजेन्डा बोकेका थिए, उहाँलाई कसरी विश्वास गर्नुभयो ?**

– जनमत पार्टीको घोषणापत्रमा उल्लेख छ कि हामीले जनमत संग्रहको माध्यमले जनताले राखेको आकांक्षा पूरा गराउने छौं । विगतमा डा.सीके राउतले उठाउनुभएको मुद्दालाई नै पुरस्कृत ढंगले अगाडि बढिरहेका छौं । हाम्रो मुद्दाहरु स्पष्ट छ, जनताले जुन जनादेश दिन्छ त्यसअनुसार अगाडि बढ्छौं ।

**० तर, डा.सीके राउतमाथि विभिन्न आरोपहरु लगाउँदै प्रभावशाली नेताहरुले पार्टी परित्याग गरेका छन् नि ?**

– केही व्यक्तिहरुले डा.सीके राउतमाथि विभिन्न आरोपहरु लगाउँदै जनमत पार्टीबाट अलग भए । छुट्टिन चाहने व्यक्तिलाई घेराबन्दी गरेर राख्न सकिँदैन । छुट्टिने व्यक्तिहरुले आफ्ना तर्कलाई जायज ठहराउन विभिन्न आरोपहरु लगाउने गर्छन् । उहाँहरुले लगाउनुभएको आरोप आफैमा भ्रामक हो । कसैमाथि आरोप लगाउनुभन्दा पहिला उहाँहरुले आफ्नो विगतका क्रियाकलापलाई नियाल्नुपर्दछ । संगठनमा आबद्ध हुने र अलग हुने प्रक्रियाहरु चलि नै रहन्छन् । संगठनमा सामूहिक निर्णय हुन्छ, केन्द्रीय समितिले आगामी नीति र योजनाहरु बनाउँछ । पार्टीबाट अलग हुने साथीहरुले नै गर्नुभएको निर्णयको कार्यादेशको आधारमा जनमत पार्टी अगाडि बढिरहेको छ । तर अहिले आएर अध्यक्ष डा.सीके राउतमाथि तानाशाही भनेर आरोप लगाउनु हुन्छ भने त्यसमा कुनै सत्यता छैन ।

**० डा.राउतले तानाशाही र एकलौटीरुपमा पार्टी सञ्चालन गर्नुहुन्छ नि ?**

– पार्टी परित्याग गरेर गएका नेताहरुमध्ये कतिपय पार्टीका प्रमुख नेता हुनुहुन्थ्यो । पार्टी परित्याग गरेको घोषणा गरेका कैलाश महतो तत्कालीन स्वतन्त्र मधेश गठबन्धनका दोस्रो वरियताका नेता हुनुहुन्थ्यो, उहाँले तानाशाहीको आरोप लगाउन मिलेन । यदि डा.सीके राउत तानाशाही भएको भए महतोलाई सहसंयोजक बनाउने थिएन । उहाँहरुको यस्तो आरोपलाई जनताले पनि पत्याएका छैनन् । उहाँहरु पार्टीलाई बदनाम गर्ने नियतले कुनै शक्तिबाट परिचालित हुनुहुन्छ ।

**० कुनै पनि निर्णय गर्दा उहाँले पार्टीभित्र छलफल गर्नुहुन्न, उहाँले फरमान मात्रै जारी गर्नुहुन्छ । जसलाई सबैले मान्नुपर्छ भन्छन् नि ?**

– संगठनको कुनै निर्णय बिना नै डा.सीके राउतले पार्टीको घोषणा गर्नुभयो भन्ने आरोप पनि लगाउनुभयो । तर, नेपाल सरकारसँग ११ बुँदे सम्झौतापश्चात् डा.सीके राउत मधेश झर्नुभयो र लहानमा बैठक बोलाउनुभयो । सो बैठकमा गठबन्धनलाई पार्टीको रुपमा रुपान्तरण गर्ने सबैसँग छलफल गरेर निर्णय गर्नुभएको थियो । पार्टी निर्माण गर्ने विषयमा दुई दिनसम्म सिरहाको लहानमा छलफल भएको हो । पार्टी घोषणा पछि पनि तीन वटा बैठक बसेको छ । त्यो बैठकमा कैलाश महतो लगायतका साथीहरु सहभागी हुनुहुन्थ्यो । म आफै जनमत पार्टीमा प्रवेश गर्दा केन्द्रीय समितिबाट निर्णय भएको हो । त्यसैले डा.सीके राउतमाथि आरोप लगाउनु सरासर गलत हो । जनमत पार्टीले कुनै पनि निर्णय सार्वजनिक गर्दा केन्द्रीय समितिमा छलफल भएर निर्णय गर्ने गरिएको छ । यो कोरोना कालमा पनि जुममार्फत् बैठक बस्यो । हरेक विषयमा पार्टीभित्र छलफल हुन्छ । त्यसैले कसैले आरोप लगाउँछन् कि कुनै पनि निर्णय गर्दा पार्टीभित्र छलफल हुँदैन त्यो सरासर गलत हो ।

**० तर, डा.राउतबाहेक जनमत पार्टीमा अन्य नेता नै छैनन्, उहाँले आफूलाई वन म्यान आर्मीको रुपमा प्रस्ताव गर्नुहुन्छ । उहाँले आफूलाई केन्द्रीय अध्यक्ष र बाँकीलाई सदस्य मात्र बनाउनुभएको छ, अन्य पदाधिकारीहरु किन राखिएको छैन त ?**

– जनमत पार्टीमा डा.सीके राउत वन मेन आर्मीझैं हुनुहुन्छ, अध्यक्षबाहेक अन्य पदाधिकारीहरु किन छैन भन्ने खालका सवालहरु छन् । तर, हाम्रो पार्टी गठन भएको धेरै समय भएको छैन । एकै दिनमा सबै काम हुने अवस्था रहँदैन । अब छिट्टै नै जनमत पार्टीमा पदाधिकारीहरुको पनि चयन हुन्छ । कार्यक्षमता अनुसार साथीहरुलाई विभिन्न जिम्मेवारीहरु तोकिनेछ । अहिले जनमत पार्टीले विभिन्न विभागहरु निर्माण गरेको छ । त्यसैले जनमत पार्टीभित्र कार्यविभाजन भइरहेको छ । जनमत पार्टी नयाँ पार्टी हो, एकैचोटि सबै निर्णय गरिसक्ने अवस्था पनि हुँदैन । केन्द्रीय पदाधिकारी चयन गर्दा हतारमा गरेर हुँदैन । सबैको योगदान र क्षमतालाई कदर गर्दै निर्णय गर्नुपर्ने हुन्छ । उहाँले लोकतान्त्रिक विधिबाट हरेक विषयमा पार्टीमा छलफल गरेर नै अगाडि बढिरहनुभएको छ ।

**० तर, अन्य पदाधिकारीहरु कहिलेसम्म तोकिन्छ ?**

– विभिन्न चरणमा भइरहेको केन्द्रीय समितिको बैठकले हाम्रो कार्यविभाजन हुँदै गइरहेको छ । विगतका बैठकहरुले विदेश विभाग, प्रशिक्षण विभाग, सञ्चार विभाग तोक्यो । त्यस्तै अन्य विभागहरु र कार्यविभाजनका प्रक्रिया चलिरहेको छ । साथीहरुको कार्यक्षमता र योगदानको मूल्यांकनको आधारमा गर्दै लाने कुरा हो । छिट्टै नै केन्द्रीय समितिले पदाधिकारीको टुंगो लगाउँछ ।

**० आगामी निर्वाचनमा जनमत पार्टीले प्रदेश २ मा क्लिनस्वीप गर्ने दाबी गर्नुभएको छ, तर उपनिर्वाचनमा त कतिपय ठाउँमा आफ्नो जमानतसमेत बचाउन सकेन । कसरी क्लिनस्वीपको दाबी गर्नुहुन्छ ?**

– उपनिर्वाचनको बेला हामी भर्खर मात्र पार्टी बनाएका थियौं । हाम्रो चुनाव चिन्हबारे पनि जनतालाई राम्ररी थाहा थिएन । विभिन्न ठाउँमा हाम्रो संगठन पनि निर्माण हुन सकेको थिएन । हामीले पार्टी निर्माण मात्रै गरेका थियौं, नेतृत्व व्यवस्था गर्न सकेका थिएनौं । त्यहीं बीचमा उपनिर्वाचन आयो र हामीले हतारमा निर्वाचनमा भाग लियौं । जनमत पार्टीको चुनावी एजेन्डाहरु जनतामा राम्ररी पस्कन सकेनौं र परिणाम हाम्रो पक्षमा आएन । जेजति परिणाम आए पनि हाम्रो लागि उत्साहजनक थियो । दुई महिना पनि गठन भएको बेला हामी निर्वाचनमा जाँदा जनताले राम्रै मत दिए । अब आगामी निर्वाचनका लागि हाम्रो तयारी भइरहेको छ । वडादेखि संसदीय निर्वाचनसम्मका लागि हामी संगठन निर्माणमा पुगेका छौं । निर्वाचनभन्दा पहिला जनमत पार्टीको कमसेकम १० लाख क्रियाशील सदस्य निर्माण गर्ने हाम्रो लक्ष्य छ । त्यहीं लक्ष्यअनुसार हाम्रो सदस्यता अभियान तीव्रगतिमा चलिरहेको छ । जनतामा पनि जनमत पार्टीप्रति धेरै आकर्षण र उत्साह हामीले पाइरहेका छौं । युवाहरुमा जनमत पार्टीप्रति एउटा ठूलो आकर्षण छ र विश्वास पनि छ कि संघर्ष गरेर जनताको बीचबाट स्थापित भएको पार्टी हो । मधेशवादकै लागि संघर्ष गरेर स्थापित भएको पार्टीप्रति ठाउँ-ठाउँमा नयाँ युवा पुस्ताहरु प्रवेश गरिरहेका छन् । त्यसैले हामी दृढ संकल्पित छौं कि आगामी निर्वाचनमा प्रदेश २ मा क्लिनस्वीप गर्नेछौं । यो अठोटका साथ जनमतका हरेक कार्यकर्ता अगाडि बढिरहेका छन् ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# जनता समाजवादी पार्टी, नेपालको घोषणा–पत्र

## राजनीतिक दस्तावेज

**१. विषय प्रवेश**

नेपालमा पटक-पटक ठूला ठूला राजनीतिक सङ्घर्षहरू भए । सन्२००६ (वि.सं.२०६२/०६३ साल) मा भएको संयुक्त जनआन्दोलन, दशवर्षे जनयुद्ध, मधेस जनविद्रोहलगायत आदिवासी जनजाति, खस, शिल्पी/दलित, महिला, मुस्लिम, थारु, पिछडा वर्गलगायत सबै आन्दोलनको परिणामस्वरूप नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापित भयो। नेपालमा सन्१९३० को दशकदेखि नैजनताले समानता, स्वतन्त्रता र लोकतन्त्रका लागि निरन्तर सङ्घर्ष गर्दै आएका थिए । सन् १९५१ (वि.सं.२००७ साल) को आन्दोलनले नेपालमा जहाँनिया राणा शासनको अन्त्य र बहुदलीय लोकतान्त्रिक व्यवस्थाको स्थापना गऱ्यो भने सन्१९९० (वि.सं.२०४६) को संयुक्त जनआन्दोलनले निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य र निरङ्कूश राजतन्त्रलाई एक हदसम्म संवैधानिक बनायो र बहुदलीय लोकतन्त्र पुर्नस्थापित गऱ्यो । यी सङ्घर्षहरू अन्तिममा सम्झौतामा नै टुङ्गिएकाले नेपालमा राजतन्त्रले शक्ति सञ्चय गर्ने अवसरको रूपमा त्यसलाई उपयोग गऱ्यो, जस्को परिणामस्वरूप नेपाली जनताले पटक पटक सङ्घर्ष गर्नुपर्ने स्थिति उत्पन्न भयो । सन् २००६ को संयुक्त जनआन्दोलनले नेपालमा लोकतन्त्रको पुनर्वहाली भयो । दशवर्षे जनयुद्ध र त्यसपछि भएको मधेस जनविद्रोहको परिणामस्वरूप भएको सम्झौताको आधारमा नेपालमा संविधानसभाको निर्वाचन भई सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो । यो नेपालको राजनीतिक इतिहासमा युगान्तकारी परिवर्तनको घट्ना हो । यो नेपालमा भएको जनआन्दोलन, जनयुद्ध, मधेस जनविद्रोह, आदिवासी जनजाति, शिल्पी/दलित, महिला, मुस्लिम, थारु, पिछडा वर्गलगायत सबै आन्दोलनको समग्र प्रतिफल हो । परन्तु त्यसमा राज्यको सङ्घीय पुनर्संरचना, शासकीय स्वरूपलगायत कतिपय विषयमा अपूर्णता रहेका छन्।

नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रकोस्थापनासँगै पुराना राजनीतिक शक्तिहरू यथास्थितिवादी शक्तिमा रूपान्तरित भए । तिनीहरू आफैले उठाएका एजेण्डाहरूमा पनि टिक्न सकेनन् । यस्तो परिस्थितिमा विभिन्न रूपमा नेपालमा परिवर्तनकारी नयाँ राजनीतिक शक्तिहरू जन्मे । ती राजनीतिक शक्तिहरूबिच समय समयमा राजनीतिक रूपमा धुविकरण भएका छन्। त्यसैको पछिल्लो कडीको रूपमा नेपालको राजनीतिक क्षितिजमा पहिचान र अधिकारसहितको सङ्घीयताका लागि सङ्घर्षरत र राष्ट्रिय अन्तराष्ट्रिय दृष्टिकोणमा समेत समान विचार राख्ने दुई पार्टी राष्ट्रिय जनता पार्टी नेपाल र समाजवादी पार्टीबिच सन् २०२० अप्रिल २२ का दिन ऐतिहासिक एकीकरण भई जनता समाजवादी पार्टी, नेपालको गठन भएको छ । यस पार्टीले नेपालमा हालसम्म भएका सबै आन्दोलनका उपलब्धीहरूको सकारात्मक पक्षकोसंश्लेषण गरी प्राप्त उपलब्धीहरूको रक्षा गर्दै थप उपलब्धीका लागि सङ्घर्षको बाटो अबलम्बन गर्ने छ । पार्टी एकीकरणको यस महत्त्वपूर्ण घडीमा हामी नेपालमा करीब ८ दशक लामो जनसङ्घर्षमा असीम त्याग र बलीदानीपूर्ण सङ्घर्ष गरेका हजारौं वीर योद्धाहरू, घाँइते, बेपत्ता, सहीद परिवार सबैको उच्च सम्मान गर्न चाहन्छौं र जनआन्दोलन, जनयुद्ध, मधेस जनविद्रोहलगायत सबै आन्दोलनमा सहादत प्राप्त गरेका महान सहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**२. नेपाली समाजको वहुलता र विभेदबाट मुक्तिसम्बन्धी दृष्टिकोण**

नेपाल बहुराष्ट्रिय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक र क्षत्रीय विविधतायुक्त मुलुक हो । जाति, भाषा, धर्म र संस्कृतिको दृष्टिले मात्र होइन भौगोलिक दृष्टिले हिमाल, पहाड र तराइ/मधेसमा त्यहाँको हावा पानी, रहनसहन, भेषभुषा, भाषा संस्कृति, अर्थव्यवस्था, सामाजिक संरचना र मनोविज्ञान समेत फरक फरक रहेको छ । यहाँका राष्ट्रियताहरूमा त्यसको पनि असर परेको छ । यस तथ्यलाई सबैले स्वीकार गरे पनि राज्यको संरचना र सत्तामा विविधतालाई अभिव्यक्त हुन दिएको छैन । त्यसैले अहिले नेपालमा वर्गीय, राष्ट्रिय/जातीय, भाषिक, लैङ्गिक र जातपातजन्य विभेदहरू रहेका छन्। मधेसी समुदाय, आदिवासी जनजाति, खस, शिल्पी/दलित, मुस्लिम, थारु, पिछडा वर्ग, अल्पसङ्ख्यक समुदायहरू सदियौंदेखि राज्यसत्ता र शासक वर्गद्वारा राजनीतिक, आर्थिक र सामाजिक वहिस्करणमा पारिएका छन् । आदिवासी जनजाति, मधेसी समुदायलगायत उत्पीडित समुदायको जल, जमीन र जङ्गलमाथिको अधिकार खोसिएका छन् । जबसम्म राज्य नै विभेदको बाहक बन्छ, त्यसको समाधान सहज हुँदैन । विश्वमा राष्ट्रिय मुक्ति आन्दोलनको अभ्युदयका मुख्य कारण नै राज्यको विभेदकारी नीति हो । त्यसैले हामीले यस्ता सबैखाले विभेदहरू अन्त्य गर्नु पर्दछ । त्यसका लागि नै हामीले पहिचान र अधिकारसहितको सङ्घीयता, राज्यका सबै अङ्गहरूमा जातीय/सामुदायिक जनसङ्ख्याको आधारमा समानुपातिक समावेशीकरण, सहभागितामूलक समावेशी लोकतन्त्र, सकारात्मक विभेद जस्ता कुराहरू अगाडि सारेका हौं । हामी सबै जाति, भाषा, धर्म, सस्कृति, वर्ण र लिङ्गका जनसमुदायको मानवीय स्वतन्त्रता र आत्मसम्मानको रक्षा गर्नु पर्दछ भन्ने पक्षमा छौं । विभेदबाट मुक्तिसम्बन्धी हाम्रो दृष्टिकोण भनेको जस्तो समाज उस्तै राज्य निर्माण गर्नु नै हो । त्यसका लागि नेपाली समाजको बनौटलाई राज्यसत्तामा अभिव्यक्त हुन दिनु पर्दछ ।

पालमा वर्गीय, जातीय, भाषिक, लैङ्गिक तथा जातपातजन्य विभेदको अन्त्यका लागि हामीले पहिचान र अधिकारसहितको सङ्घीयताको कुरा उठाएका छौं । सङ्घीयताको सन्दर्भमा नेपालमा प्रशासनिक सङ्घीयता र पहिचानसहितको सङ्घीयता २ मुख्य अवधारणाहरू छन् । नेपालका शासकहरूले विविधतामा एकताको नारा त धेरै दिए । तर व्यवहारमा एकल जातीय राज्यसत्तालाई राज्य पुनर्संरचनाको नाममा समेत निरन्तरता दिए । उत्पीडित राष्ट्रियताहरूको पहिचानको मान्यता र अधिकारलाई सीमान्तकृत गर्ने हेतुले तिनीहरूले प्रशासनिक संरचना मात्र बनाएर सङ्घीयताको सैद्धान्तिक मान्यता, मर्म र भावना विपरीत कार्य गरे । त्यसैले हामीले प्रशासनिक सङ्घीयताको विकल्पमा राष्ट्रिय पहिचानसहितको सङ्घीयताका साथै स्वशासन र स्वायत्तताको अधिकारको पक्षपोषण गरेका छौं । यसका लागि विज्ञहरू सम्मिलित राज्यपुनर्संरचना उच्चस्तरीय सुझाव आयोगको प्रतिवेदनका आधारमा १० जोड १ को रूपमा राज्यको पुनर्संरचना गर्नु नै अहिलेको विकल्प हो । त्यसको साथै अल्पसङ्ख्यक, सीमान्तकृत र लोपोन्मुख समुदायहरूलाई समेट्न विशेष संरचनाका रूपमा स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र गैरभौगोलिक विशेष क्षेत्रहरू निर्माण गर्नु पर्दछ । यस्तो प्रकृतिको सङ्घीय संरचनाले मात्र नेपालमा उत्पीडित राष्ट्रियताहरू माथिको विभेद अन्त्य हुन्छ । त्यसैले पार्टीले सबै राष्ट्रियताहरू, भाषिक समुदाय र उत्पीडित क्षेत्रको पहिचान र अधिकारसहितको सङ्घीयता प्राप्तीको सङ्घर्षलाई केन्द्रिकृत रूपमा र प्रादेशिक रूपमा पनि उठाउने छ र जनसङ्घर्षका विविध रूपहरू प्रयोग गर्दै संसदीय र गैरसंसदीय अर्थात सदन र सडकमा पनि सङ्घर्ष गर्ने नीति लिने छ ।

**३ नेपाली समाजको रूपान्तरण आजको आवश्यकता**

नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भए पनि राजनीतिक क्रान्तिको मूल्य र मान्यताको कसीमा हेर्दा यसले अझै पूर्णता प्राप्त गर्न सकेको छैन । क्रान्तिकै उपजको रूपमा सबै क्षेत्रमा सबै नागरिकहरूको समानता, बहुराष्ट्रिय/बहुजातीय राज्यको मान्यता अनुरूप सङ्घीय शासन, सहि अर्थमा धर्म निरपेक्षता, समानुपातिक समावेशी, भाषिक समानता, राजनीतिक, आर्थिक, सामाजिक वहिस्करण तथा विभेदबाट मुक्ति हाँसील भइसकेको छैन । त्यसरी नै सामाजिक-आर्थिक क्षेत्रमा आमूल प्रगतिशिल रूपान्तरणको काम बाँकी नै छ । नेपाल प्राकृतिक स्रोत र साधनले सम्पन्न देश भएर पनि गरिबी, कुपोषण, अस्वस्थकर जीवन, अभाव, वेरोजगारी व्याप्त हुनु, मौलिक हकको रूपमा रहेको शिक्षा, स्वास्थ्य, रोजगार, आवास, सुरक्षा जस्ता आधारभूत अधिकारबाट बञ्चित हुनु, विभिन्न वर्ग, क्षेत्र, लिङ्ग र समुदायका जनताको राष्ट्रिय/जातीय, भाषिक, सास्कृतिक पहिचान र अधिकार स्थापित हुन नसक्नु समस्याको रूपमा रहेको छ । अर्कोतिर नेपालमा कमिशनखोर पुँजीवाद फस्टाएको छ । केही व्यक्तिहरू भ्रष्टाचार र कमिशनको अवैध आर्जनद्वारा अरवपति बनेका छन्। तिनीहरू राज्यसत्ताको बलमा नवधनाड्य बनेका छन्भने श्रमजीवी, गरीब तथा विपन्न वर्ग चरम शोषणमा परेका छन्। महिलाहरूमाथि पितृसत्तात्मक शोषण, लैङ्गिक हिंसा र विभेद जारी नै छ । यस किसिमका असमानता र विकृतिहरू अन्त्य गर्नु आजको आवश्यकता हो । अहिले यी सबै विभेदहरूको अन्त्य जातीय द्वन्द्व र नश्लीय घृणाबाट होइन, यसको संरक्षण गर्ने राज्यसत्ता एवम्संवैधानिक र कानुनी व्यवस्थाहरू बदलेर मात्र हुन सक्छ । त्यसैले अहिले नेपाली जनताको वर्गीय, राष्ट्रिय, लैङ्गिक तथा जातपातजन्य सबैखाले अन्तर्विरोधहरूको केन्द्रीकृत अभिव्यक्ति वर्तमान राज्यसत्ता र नेपाली जनताको अन्तर्विरोधको रूपमा भएको छ । यसलाई जनताको सङ्घर्षबाट मात्र बदल्न सकिन्छ ।

विश्व मानचित्रमा नेपाल अहिले पनि अल्पविकसित देशहरूको समूहमा रहँदै आएको छ । विश्वको कूल गार्हस्थ उत्पादनमा प्रति व्यक्ति आय करिव ११७०० अमेरिकी डलर पुगेको वर्तमान अवस्थामा नेपालको प्रतिव्यक्ति आय १०३४ डलर मात्र रहेको छ । नेपालले सन्२०२२ अर्थात अबको साढे २ वर्षभित्र अल्पविकसित देशहरूको समूहबाट माथि उठ्ने लक्ष्य राखेको छ भने सन् २०३० सम्ममा मध्यम स्तरको विकसित देश बन्ने लक्ष्य राखेको छ । नेपाल अल्पविकसित देशहरूको समूहबाट माथि उठ्न प्रतिव्यक्ति आय कम्तिमा १,५०० डलर अर्थात प्रतिव्यक्ति आयको वार्षिक वृद्धि औसत १५० डलर चाहिन्छ । यसका लागि नेपालले देशमा स्थीर पुँजीको आकार र उत्पादनशील क्षेत्रमा सरकारी लगानी बढाउन सक्नु पर्दछ । तर विगत ५ वर्षमा सरकारको पुँजीगत बजेट करिब २१ प्रतिशत मात्र रहेको छ भने जनताको आफ्नो कूल आयको करिव ९० प्रतिशत उपभोगमा नै खर्च भइरहेको छ । वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषण नआउने हो भने देशको अर्थतन्त्र नै चौपट हुने अवस्था छ । यस्तो अवस्थामा अबको १० वर्षभित्र पनि नेपाल अल्पविकसित देशहरूको समूहबाट बाहिर आउन मुस्किल छ । यसको मुख्य कारण देशमा उद्यमशील पुँजीवाद विकास हुनुको सट्टा कमिशनमुखी, सट्टावाजी र अनुत्पादक प्रकृतिको क्रोनि पुँजीवाद (क्रोनि क्यापिटलीज्म) हावी हुनु हो । यस्तो प्रकृतिको विकृत पुँजीवाद देशको समावेशी विकास र समतामूलक समृद्धिको वाधक रहेको छ । यसलाई राज्यको एकल प्रयासले मात्र समाधान गर्न सक्दैन । त्यसैले राज्य, निजी क्षेत्र र समुदायको सहयोगात्मक भूमिकाको आधारमा नेपालको अर्थतन्त्रलाई अगाडि बढाउनु पर्दछ र देशको अर्थतन्त्रलाई सङ्घीय ढाँचामा पुनर्संरचना गर्नु पर्दछ ।

**४. नेपाली समाज परिवर्तनको दिशा**

शीतयुद्धको समयमा विश्वमा पुँजीवादी र साम्यवादी कित्ताबिच तिव्र द्वन्द्व चल्दथ्यो । तर आज विश्वमा धेरै परिवर्तनहरू भएका छन्। पुँजीवादी देशहरूमा नवउदारवादी अर्थतन्त्रका कारण कुनै न कुनै रूपमा आर्थिक सङ्कट र



मन्दी उत्पन्न भईरहेकै छ भने साम्यवादी कित्ताका देशहरूमा सबै व्यवस्था राज्यको नियन्त्रणमा हुँदा व्यक्ति र समुदायको क्षमता कुण्ठित हुनाले उत्पादकत्व बृद्धि हुन सकेको छैन । ती देशहरूमा जनताले राजनीतिक स्वतन्त्रता र आर्थिक समानतालाई एक साथ उपभोग गर्न पाएका छैनन् । त्यसैले आजको विश्वमा समाजवादीहरूले वर्गीय मुद्धा मात्र होइन नागरिक तथा राजनीतिक अधिकारका साथै आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको मुद्धालाई पनि सम्बोधन गर्नु पर्दछ । हामीले एकाइसौं शताब्दीको ज्ञान, विज्ञान र चेतनाका आधारमा नेपालको मौलिकतामा आधारित समाजवादको नयाँ प्रारूपको खोजी गरेका हौं । आजको विश्व उन्नाइसौं शताब्दीमा आधुनिक समाजवादको अभ्युदयभन्दा विज्ञान र प्रविधीको विकासको दृष्टिले धेरै अगाडि बढी सकेको छ । समाजवादका पनि नवीन मान्यताहरू विकसित भएका छन् । हामी ती सबै मान्यताहरूको संश्लेषणका साथ नेपाली विशेषतामा आधारित समाजवादको पक्षमा उभिएका छौं । त्यस्तो व्यवस्थामा राजनीतिक रूपमा स्वतन्त्रता र आर्थिक रूपमा समानता हुने छ । नवउदारवाद र राज्य नियन्त्रित समाजवादको विकल्पमा व्यक्तिको निजत्वको पनि रक्षा हुने र समुदायको हितलाई पनि ध्यानमा राख्ने समाजवाद हुने छ । यस्तो समाजवादले आर्थिक बृद्धि, समन्यायिक वितरण, दीगो विकास, जनताको समृद्धि, पर्यावरणको संरक्षण र मानवीय खुशीलाई सँगसँगै प्रवर्द्धन गर्ने छ । देशबाट गरीवी, सामाजिक असमानता, अन्याय, पछौटेपन र पर्यावरणीय विनाशको अन्त्यका साथै मानवले मानवलाई गर्ने सबैखाले शोषण, उत्पीडन, भेदभाव र असमानता उन्मूलन गर्ने छ ।

नेपाल जस्तो बहुराष्ट्रिय/बहुजातीय मुलुकमा एकल जातीय राज्यको ढाँचामा निर्मित राज्यसत्ताको संरचनाले देशका उत्पीडित राष्ट्रियताहरू लामो समयदेखि वहिस्करणमा परेका छन् । तिनीहरूलाई मूल धारमा स्थापित गर्नका लागि हामीले राष्ट्रिय पहिचान र अधिकारसहितको सङ्घीयताको पक्षपोषण गरेका छौं । नेपाल जस्तो विविधतायुक्त मुलुकमा सङ्घीयता बिनाको समाजवादले राष्ट्रिय/जातीय समस्या हल गर्न सक्दैन भने समाजवाद बिनाको सङ्घीयताले वर्गीय समस्या हल गर्न सक्दैन । सङ्घीयता नै अङ्गीकार गर्दा पनि वर्तमान नेपालमा कार्यान्वयन गरिएको राष्ट्रिय पहिचानको मान्यता, स्वशासन र स्वायत्तताबिनाको सङ्घीयताले उत्पीडित राष्ट्रियताहरूलाई मुक्त गर्न सक्दैन । त्यसैले हामीले वर्तमान ७ प्रदेशको प्रशासनिक सङ्घीयतालाई परिवर्तन गरी १० जोड १ को पहिचानसहितको सङ्घीयतामा बदल्न चाहेका छौं । यसले नेपालमा आफ्नो मौलिक विशेषतासहितको समुन्नत सङ्घीय शासन प्रणालीमा आधारित समाजवादको विकास गर्ने छ । त्यसैले समुन्नत सङ्घीय समाजवाद हाम्रो मार्गदर्शक सिद्धान्त हो । उत्पीडित राष्ट्रियताहरूको मुक्तिका लागि सङ्घीयता र श्रमजीवी वर्गको मुक्तिका लागि समाजवाद यसका दुई मुख्य सैद्धान्तिक आधारहरू हुन् । समुन्नत सङ्घीय समाजवाद नेपालको राष्ट्रिय स्वाधीनता, सहभागितामूलक समावेशी लोकतन्त्र र सामाजिक परिवर्तनको आन्दोलनको समष्टि रूप हो । यसको जीवन र जगतलाई हेर्ने दार्शनिक आधार वैज्ञानिक समाजवादी विश्लेषण प्रणाली हो । यो राजनीतिक लोकतन्त्र मात्र होइन, आर्थिक, सामाजिक तथा साँस्कृतिक लोकतन्त्र पनि हो । यसले समग्रमा नेपाललाई राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक, लैङ्गिक, क्षेत्रीय र जातपातजन्य विभेदहरूबाट मुक्त गर्ने छ ।

सङ्घीय शासन प्रणालीसहितको समाजवादी लोकतान्त्रिक गणतन्त्रको स्थापना हाम्रो पार्टीको गन्तव्य हो । यसले पुँजीवादी गणतन्त्रको विकल्पमा समाजवादी लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने छ । यस्तो प्रकृतिको समाजवाद समानता, स्वतन्त्रता, सम्पन्नता, विभेदको अन्त्य, सामाजिक न्याय, सामाजिक सुरक्षा र जीवनोपयोगी पर्यावरणका संरक्षणमा आधारित हुने छ । यसले राजनीतिक रूपमा जनताको सार्वभौमसत्ता, संविधानको सर्वोच्चता, बहुलतायुक्त खुल्ला समाज, वालिग मताधिकार, आवधिक निर्वाचन, बहुदलीय प्रतिस्पर्धा, विधीको शासन, कानुनी राज्य, मौलिक हक एवम्मानव अधिकार, शक्ति पृथकीकरण, स्वतन्त्र न्याय पालिका, प्रेस स्वतन्त्रता, आत्म निर्णयको अधिकार जस्ता परम्परागत लोकतन्त्रका साश्वत मूल्य र मान्यताहरू सबै आत्मसात गर्ने छ । यस्तो नेपाली विशेषतायुक्त समाजवादका विशेषताहरू निम्नानुसार छन्:

**४.१ पहिचानसहितको सङ्घीयता**

नेपालमा आफ्नो ऐतिहासिक थातथलो वा मानव भूगोल, साझा भाषा, साझा संस्कृति, साझा आर्थिक जीवन र साझा मनोभावना भएका सबै समुदायहरू नेपालका राष्ट्रियताहरू हुन् । तिनीहरू सबैको पहिचान र अधिकारसहितको सङघीय शासन प्रणाली अपनाइने छ । शक्ति पृथकीकरणको सिद्धान्तको आधारमा सङ्घमा समानान्तर व्यवस्थापिका, सहकार्यात्मक सरकार, सङ्घीय न्यायपालिका र संवैधानिक अङ्गहरू बनाइने छ । प्रदेशलाई अवशिष्ट अधिकार दिइनुका साथै अल्पसङ्ख्यक समुदायहरूको हित रक्षा हुने गरी सङ्घीय संरचना बनाइने छ । स्थानीय तहहरू प्रदेशको क्षेत्राधिकारभित्र रहने छन्। प्रदेश तथा विशेष संरचनाहरू स्वायत्त तथा अधिकारसम्पन्न हुने छन्। तिनीहरूले राजकीय तथा सार्वजनिक मामलाहरूमा स्वशासन तथा स्वायत्तताको अधिकार पाउने छन्।

**४.२ समाजवादी अर्थ-राजनीतिक दिशा**

समाजवाद न्याय, समानता, स्वतन्त्रता र सम्पन्नता भएको, विभेद र शोषण नभएको राज्य व्यवस्था हो । समाजवादमा उत्पादनका साधनहरू सामाजिक हित र स्वामित्वमा प्रयोग हुन्छ । समाजवाद निर्माण र विकासको प्रकृया राजनीतिक क्रान्तिभन्दा दीर्घकालीन र जटील हुने गर्दछ । सामाजिक-आर्थिक पविर्तनको दिशा तुलनात्मक रूपमा लामो प्रकृयामा हुने गर्दछ । वस्तुगत परिस्थिति परिपक्व नभई हठात परिवर्तन गर्ने बाटोले समाजवाद निर्माण हुन सक्दैन । त्यसैले समाजवादी अर्थ-राजनीतिक दिशा चरणवद्ध रूपमा समाजवाद निर्माण गर्ने बाटोबाट अगाडि बढ्नु पर्दछ । वर्तमान परिस्थितिमा बजार, राज्य र समुदायको समुचित व्यवस्थापन र भूमिका हुने गरी समाजवादउन्मुख नीति लिइने छ ।

**४.३ सहभागितामूलक समावेशी लोकतन्त्र**

समाजवादी लोकतान्त्रिक गण्तन्त्रमा सबै वर्ग, जात, जाति, भाषा, लिङ्ग, धर्म, संस्कृतिका समुदायहरूलाई राज्यको नीति निर्माणमा सहभागी गराउन तथा राजनीतिको मूल प्रवाहमा समावेश गर्न सहभागितामूलक समावेशी लोकतन्त्रको मान्यतालाई आत्मसात गरिएको छ । परम्परागत उदार लोकतन्त्रको मान्यता निरपेक्ष लोकतन्त्रमा आधारित हुने हुँदा त्यसले वहिस्करणमा परेका समुदायलाई समेट्न सक्दैन । त्यसैले त्यसको विकल्पमा अझ उन्नत स्तरको लोकतन्त्रको रूपमा सहभागितामूलक समावेशी लोकतन्त्रको मान्यतालाई आत्मासात गरिने छ ।

**४.४ आर्थिक र सामाजिक न्याय**

समाजमा वर्ग, वर्ण, जात, जाति, लिङ्ग आदिमा आधारित सबैखाले अन्याय, असमानता र विभेदको अन्त्य र देशको स्रोत, साधन र शक्तिमा सबै नागरिकहरूको समान पहुँच हुने सामाजिक-आर्थिक व्यवस्था नै समाजवाद हो । यस्तो व्यवस्थामा सबैलाई गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी र सुरक्षाको व्यवस्था हुने छ । सीमान्तकृत तथा बहिष्करणमा पारिएका समुदायहरूको संरक्षण तथा विपन्नमाथिको उत्पीडन र विभेदको अन्त्य गरिने छ । उत्पादनमा बृद्धि, सम्पन्नता, समन्यायिक वितरण, सन्तुलित र समावेशी विकासको माध्यमबाट सबैलाई आर्थिक र सामाजिक न्याय प्रदान गरिने छ ।

**४.५ समतामूलक समृद्धि र मानवीय खुसी**

समतामूलक समृद्धि, मानवीय खुसी र स्तरीय जीवन प्रणाली समाजवादी राज्यको ध्येय हो । देशको आर्थिक विकास र समृद्धि पुँजीवादमा पनि सम्भव छ । तर त्यस्तो समाजमा सम्पन्न र विपन्नबिच ठूलो खाडल रहेको हुन्छ । मजदूर, किसान, बौद्धिक पेसाकर्मीलगायतका श्रमजीवी वर्ग र उत्पीडित राष्ट्रियताहरूलाई उत्पादनका साधनहरू र राजकीय शक्तिबाट वञ्चित गरिने हुँदा तिनीहरूले अभावको जिन्दगी बाँच्नुपर्ने हुन्छ । त्यसैले श्रमजीवी, उत्पीडित राष्ट्रियता, महिला, शिल्पी/दलितलगायत सबैको समृद्धि समाजवादमा मात्र सम्भव छ । अतः समतामूलक समृद्धि र मानवीय खुसी समाजवादको ध्येय हुने छ ।

**४.६ सुशासन र सदाचार**

अहिले नेपालको राज्यव्यवस्था भ्रष्टाचारको पर्याय जस्तो भएको छ । देशको कर्मचारीतन्त्र, न्यायालय, सुरक्षा निकायलगायत राज्यका सबै अङ्गहरू यसका बाहक बनेका छन् । भ्रष्टाचारको अन्त्य गरी राजनीति र सार्वजनिक सेवाको क्षेत्रमा सुशासन र सदाचार कायम गर्नु हाम्रो आधारभूत लक्ष्य हो । त्यसैले भ्रष्टाचार र अनुचित कार्यमाथि नागरिक तहबाटै निगरानी राखेर त्यसबारे छानबिन र आवश्यक कार्वाही सिफारिस गर्न स्वतन्त्र र निष्पक्ष जनलोकपालको व्यवस्था गरिने छ ।

**४.७ समानुपातिक निर्वाचन प्रणाली र समावेशीकरण**

नेपालले अहिले अपनाएको समानान्तर मिश्रित निर्वाचन प्रणाली खर्चिलो हुनुका साथै यसले श्रमजीवी, गरिव, महिला, शिल्पी/दलित तथा अल्पसङ्ख्यक समुदायहरूलाई सम्बोधन गर्न सकेको छैन । प्रत्यक्ष तर्फको निर्वाचन जित्न करोडौं खर्च गर्ने र सत्तामा पुगेपछि भ्रष्टाचार गरी त्यसको व्याजसहित असूल गर्ने प्रवृत्ति बढ्दो छ भने समानुपातिक तर्फ पनि बन्द सूची प्रणालीका कारण विकृति र विसङ्गती जन्मिएका छन् । त्यसैले अब नेपालमा जनताकै मतबाट निर्वाचित हुने समानुपातिक निर्वाचन प्रणाली अबलम्बन गरिने छ । सार्वजनिक प्रशासन, कर्मचारीतन्त्र, सेना, प्रहरीलगायत राज्यका सबै अङ्गहरूमा महिलाहरूलाई न्युनतम ३३ प्रतिशत प्रत्यभूत हुने गरी जातीय/सामुदायिक जनसङ्ख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको व्यवस्थाका साथै वहिस्करणमा पारिएका अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदाय, अपाङ्गता भएका र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूलाई आरक्षणको व्यवस्था गरिने छ ।

**४.८ सामाजिक सुरक्षासहितको लोककल्याणकारी राज्य**

समाजवादी व्यवस्था लोककल्याणकारी राज्य व्यवस्था हो । यस्तो व्यवस्थामा नागरिकहरूका बिच अवसरको समानता, सम्पत्तिको समन्यायिक वितरण तथा जीवनको न्यूनतम आवश्यकता आफै पुरा गर्न नसक्ने जेष्ठ नागरिक, बाल बालिका, असहाय, अपाङ्गता भएका व्यक्तिहरू, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, बेरोजगार, विपन्न र गरीव नागरिकहरूका लागि राज्यले सामाजिक सुरक्षा प्रदान गर्ने छ ।

**४.९ पर्यावरणीय सन्तुलन र संरक्षण**

वर्तमान विश्वमा तीब्र गतिले बढिरहेको औद्योगिकरण, जैविक, रासायनिक तथा आणविक हतियारको होड र त्यसबाट उत्पन्न हुने विकिरणयुक्त पदार्थ, हरित गृह, जलवायु प्रदुषण अदिका कारण तापमान बृद्धि भई मानवसामु विनाशकारी डढेलो, उष्णवायु, आँधी, तुफान, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो, हिमपहिरो, सुख्खा जस्ता प्राकृतिक विपदको जोखिम रहेको छ । जैविक विविधता तथा पर्यावरण संरक्षण एवम् सन्तुलनका लागि पार्टीले ठोस कदम चाल्ने छ । विकासका कार्यहरू अगाडि बढाउँदा पर्यावरणमैत्री, सन्तुलित र न्यायोचित ढङ्गले अगाडि बढाइने छ ।

**४.१० बहुलतायुक्त तथा बहुसांस्कृतिक राष्ट्रवाद**

समाजवादी व्यवस्थामा बहुसंस्कृतिवादको मान्यता अनुरूप जातीय, भाषिक, धार्मिक तथा साँस्कृतिक विविधतालाई अभिव्यक्त हुन दिनुका साथैसमाजमा विद्यमान वर्णव्यवस्था, अन्धविश्वास, सामाजीक कुरीति प्रथा परम्पराका आडमा हुने तमाम खाले शोषणहरूलाई अन्त्य गरिने छ । राष्ट्रिय, लोकतान्त्रिक र बैज्ञानिक संस्कृति प्रवर्द्धन गरिने छ । सङ्घीय शासन प्रणालीसहितको समाजवादमा राज्यभित्र राज्य र राष्ट्रभित्र राष्ट्रको मान्यतालाई आत्मसात गरिने भएकाले यसले एकल जातीय राष्ट्रवादको विकल्पमा बहुलतायुक्त राष्ट्रवादलाई अङ्गाल्ने छ । सङ्घमा साझा राष्ट्रियता र प्रदेशहरूमा प्रादेशिक राष्ट्रियताको विकास गरी राष्ट्रिय एकता प्रवर्द्धन गर्ने नीति लिइने छ ।

**५ उत्पीडित राष्ट्रियता तथा श्रमजीवी जनताको एकता**

श्रमजीवी जनता समाजवाद निर्माणको मुख्य आधार हो । हाम्रो जस्तो बहुराष्ट्रिय मुलुकमा समावेशी विकास र समृद्धिका लागि राज्यसत्तामा सबै समुदायको सहभागिता नभएसम्म समाजवाद निर्माण हुन सक्दैन । तर बहुराष्ट्रिय स्वरूपको हाम्रो देशमा एकल राष्ट्रिय राज्यको ढाँचामा राज्यसत्ता निर्माण हुँदा धेरै राष्ट्रियताहरू उत्पीडनमा परे । त्यसैले उत्पीडित राष्ट्रियताहरूले राष्ट्रिय मुक्तिका लागि आन्दोलन गरिरहेका छन् । यस्तो स्थितिमा श्रमजीवी जनताको वर्गीय मुक्ति र उत्पीडित राष्ट्रियताहरूको राष्ट्रिय मुक्तिको आन्दोलनलाई एक साथ अगाडि बढाउन आवश्यक छ । त्यसैलाई सम्बोधन गर्नका लागि नै हामीले सङ्घीय शासन प्रणालीसहितको समाजवादी लोकतान्त्रिक गणतन्त्र स्थापनाको रणनीतिक लक्ष्य तय गरेका हौं । त्यसैले नेपालमा समाजवाद स्थापनाका लागि मजदूर, किसान, बौद्धिक पेसाकर्मी लगायतका श्रमजीवी वर्ग र उत्पीडित राष्ट्रियताहरूको एकतावद्ध पहल आवश्यक छ । जनता समाजवादी पार्टीले यी दुबैको प्रतिनिधित्व गर्नु पर्दछ । साथै पितृसत्तात्मक शोषण र विभेदको शिकार भएका महिला र विद्यमान वर्णाश्रम व्यवस्थाको उत्पीडनमा परेका शिल्पी/दलितहरूको मुक्तिका लागि समाजवाद अपरिहार्य आधार हुने छ । श्रमजीवी वर्ग र उत्पीडित राष्ट्रियताहरूबिचको एकताले नै नेपालमा विद्यमान सबैखाले अन्तर्विरोध र विभेदको समाधान हुन्छ । त्यसैले अहिले नेपालका श्रमजीवी वर्ग र उत्पीडित राष्ट्रियताहरूको राज्यसँग रहेको राजनीतिक, आर्थिक तथा सामाजिक-सांस्कृतिक अन्तर्विरोध हल गर्नका लागि सामन्ती पुनर्उत्थानवादी, कमिशनखोर तथा एकाधिकार पुँजीवाद र एकल जातीय अधिपत्य रहेको राज्यसत्ता अन्त्य गर्नु पर्दछ ।

**६. अन्तर्राष्ट्रिय सम्बन्ध**

नेपालले अन्तराष्ट्रिय जगतमा आफ्नो स्वतन्त्र पहिचान र अस्तित्व कायम गर्दै आएको छ । आजको विश्वमा शान्तिपूर्ण सहअस्तित्व, सार्वभौम समानता, पञ्चशीलको सिद्धान्त, राष्ट्रिय सुरक्षा, अर्न्तनिर्भर अर्थतन्त्र, साँस्कृतिक अनतिक्रम्यता र जनताको समृद्धिलक्षित सम्बन्ध नै हाम्रो परराष्ट्र नीतिको आधार हुनु पर्दछ । हाम्रो देशको भू-राजनीतिक स्थितिमाथि मध्यनजर गर्दै सन्तुलित, अर्न्तनिर्भरतापूर्ण र एक्काईसौ शताब्दीको लक्ष्यसँग हाम्रो परराष्ट्र नीति जोडिनु पर्दछ । यसै नीतिअनुसार हाम्रो छिमेकी मुलुकहरूसँगको सामाजिक आर्थिक सम्बन्धलाई पार्टीले विशेष महत्त्व दिनुका साथै विश्वका सबै मुलुकहरूसँग मैत्रीपूर्ण सम्बन्ध कायम गर्ने छ । हाम्रो परराष्ट्र नीति राष्ट्रिय हित र जनताको समृद्धिमा केन्द्रित हुने छ । देशको राष्ट्रिय स्वाधीनता र राष्ट्रिय हितलाई विश्व समुदायका बिचमा स्थापित गर्नु, भूपरिवेस्ठित देशको अधिकार, ठूला र साना देशहरूबिच पूर्ण समानाधिकार तथा एक अर्काको आन्तरिक मामिलामा अहस्तक्षेपको नीतिको पक्षपोषण गर्नु, आर्थिक कुटनीति अबलम्बन गरी देश विकास एवम् समृद्धिमा ठोस योगदान पुऱ्याउनु हाम्रो परराष्ट्र नीतिको मूल लक्ष्य हुने छ ।

**अन्त्यमा**

अहिले हामी पार्टी एकीकरणको माध्यमबाट देशमा एउटा सशक्त राजनीतिक विकल्प निर्माणको महान अभियानमा छौं । पुरानो असान्दर्भिक विचार बोकेर वैकल्पीक राजनीतिक शक्ति निर्माण हुँदैन । त्यसैले विचारको दृष्टिले नयाँ तथा समयसापेक्ष र शक्तिको हिसावले पहिलो बनाउने हाम्रो लक्ष्य हो । यो अभियान दुईवटा पार्टीको एकतामा मात्र सीमित हुने छैन । देशका सबै अग्रगामी राजीतिक शक्तिहरूलाई एकीकरण र धुवीकरणमा ल्याउनु हाम्रो दायित्व हो । हाम्रो यो एकीकरणलेसमान विचार र दृष्टिकोण राख्ने अन्य दल, समुह वा व्यक्ति-व्यक्तित्व सवैलाई एकतावद्ध र ध्रुविकृत हुन थप प्रेरणा दिनेछ भन्ने पनि हाम्रो विश्वास छ । नेपाललाई स्वतन्त्र, समृद्ध, समतामूलक, न्यायपूर्ण, विभेद रहित, धर्म निरपेक्ष, समावेशी, सङ्घीय समाजवादी लोकतान्त्रिक गणतन्त्रात्मक राज्य निर्माणका लागि हामीले सशक्त सङ्गठनात्मक शक्ति निर्माण गरी पार्टीलाई देशको नेतृत्वदायी राजनीतिक शक्तिको रूपमा स्थापित गर्नु पर्दछ । पार्टीले वैचारिक, सङ्गठनात्मक तथा प्रचार प्रसारका क्षेत्रमा आफ्ना रणनीतिक र कार्यनीतिक योजनाहरू निर्माणका साथैजन आन्दोलनहरूको विकास गर्दै अगाडि बढ्नु पर्दछ । आज देशले तीव्र सामाजिक आार्थिक परिवर्तन खोजेको छ, जनताले उत्पीडनबाट मुक्ति खोजेको छ । देशको स्वाधिनता र स्वाभिमानको रक्षा सरकारको मात्र नभई आम नागरिकको दायीत्व हो । अतः आउनु होस, देशमा विद्यमान सबैखाले विभेदबाट मुक्तिका लागि जनता समाजवादी पार्टी नेपालमा गोलबन्द होऔं । वर्गीय शोषण र उत्पीडनबाट मुक्ति चाहने मजदूर, किसान, बुद्धिजीवीलगायतका श्रमजीवी वर्ग आफ्नो हक, हीत र अधिकार संरक्षणका लागि, उत्पीडित राष्ट्रियताहरू जातीय, भाषिक, धार्मिक र सांस्कृतिक विभेदबाट मुक्तिका लागि, क्षेत्रीय असमानता र पछाडि पारिएका समुदाय समतामुलक विकासका लागि, सदियौंदेखि पितृसत्ताको जालोमा परेकाहरू लैङ्गिक समानताका लागि र यो देशका तमाम न्याय, समानता र स्वतन्त्रता पक्षधर व्यक्ति तथा शक्तिहरू यो देशको मुहार फेर्नका लागि यस पार्टीमा सामेल होऔं । धन्यवाद ।

२२ अप्रिल २०२० (१० वैशाख २०७७)
जनता समाजवादी पार्टी नेपाल,
केन्द्रीय तदर्थ समिति

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# रौतहटमा बाढी र डुबानको त्रास



रौतहट । आइतबारबाट परिरहेको पानीका कारण रौतहटमा डुबान र बाढीको त्रास बढेको छ । लगातार पाँच दिन देशभर वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागले जनाएअनुसार रौतहटमा अविरल बर्षा भइरहेको छ ।
जिल्लाभर बर्षा भइरहेका कारण जिल्लाका दक्षिणी क्षेत्रहरुका बासिन्दा त्रासमा बस्न बाध्य छन् । केही दिनअघि परेको निरन्तर बर्षाका कारण लालबकैया र बागमती खोलाले रौतहटका नागरिकमा त्रास सिर्जना गरेको थियो ।
पुनः बर्षा हुन थालेपछि रौतहटमा डुवान तथा कटानले क्षति पुऱ्याउन सक्ने भन्दै प्रशासनले सचेत गराएको छ । बर्षाले रौतहटको चाँदी, लालबकैया तथा बागमती नदीले स्थानीयमा ठूलो धनजनको क्षति हुन सक्ने संकेत देखिएको छ ।
खोला किनारका बस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न नसकिएमा रौतहटबासीले ठूलो क्षतिको सामना गर्नुपर्ने स्थानीयको भनाइ रहेको छ ।
जिल्लाका डुवान क्षेत्रको प्रदेश २ का मन्त्रीलगायत प्रमुख जिल्ला अधिकारीसहितको टोलीले ती विभिन्न स्थानको निरीक्षण तथा अनुगमनसमेत गरिसकेको भए पनि बर्सेनि यही समस्याले पिरोल्दै आएको छ । कहि पानीको निकास नहुँदा डुवानको खतरा छ भने कँहि आएको बजेटको समेत दुरुपयोग हुँदा तटबन्द, बाँध र पानी बग्ने नाला नबन्दा एउटै समस्या हरेक बर्ष दोहोरिँदै आएको छ ।
समय रहँदै तटबन्द निर्माणदेखि लिएर विपत्को पूर्वतयारीमा नजुट्ने सरकारी संयन्त्रका कारण बर्सेनि रौतहटका जनता पींडा भोग्दै रातभर त्रासमा बाँच्न बाध्य हुनुपरेको छ ।
तथापि रौतहट प्रशासनले बाढीको जोखिम बढ्न सक्ने भन्दै सतर्कता अपनाउन र नदी आसपासका क्षेत्रमा नबस्न आग्रह गरेको छ ।

# सीमामा संरचना नबनाउन भारतलाई पत्र पठाइयो

काठमाडौं । सीमावर्ती क्षेत्रमा अनधिकृत भौतिक संरचना बनाएर नेपाली भूमि डुबानमा पारेकामा असन्तुष्टि जनाउँदै नेपालले भारत सरकारलाई 'कूटनीतिक पत्र' पठाएको छ। नेपालबाट दक्षिणतर्फ बग्ने नदी तथा खोलाको प्राकृतिक बहाव रोकिने गरी भारतले बाँध, तटबन्ध, सडकलगायत संरचना निर्माण गरेको भन्दै परराष्ट्र मन्त्रालयले दुई देशबीच भएका सहमति र सम्झौताको स्मरण गराएर पत्र पठाएको हो ।
सिँचाइ सचिव रवीन्द्रनाथ श्रेष्ठले भारतीय क्षेत्रमा बनेका संरचनाले नेपाली भूभागमा बाढी र डुबान भएको बारे मन्त्रालयले प्राविधिक अध्ययन गरेर भारतीय पक्षसमक्ष जानकारी गराउन परराष्ट्र मन्त्रालयमार्फत कूटनीतिक पत्र लेखेर पठाएको जानकारी दिए । उनले ऊर्जामन्त्री वर्षमान पुनको निर्देशनअनुसार तत्काल वार्ताका लागि भारतीय पक्षलाई खबर गर्ने पनि बताए । समस्या समाधानबारे भारतीय पक्षसँग अनौपचारिक तहमा कुराकानी भइरहेको उनले जानकारी दिए । नियमित कार्यतालिकाअनुसार बाढी तथा डुबान व्यवस्थापनसम्बन्धी नेपाल-भारत संयुक्त समिति (जेसीआईएफएम) को बैठक नोभेम्बर महिनामा बस्ने गरेको छ/ । यो वर्ष भने भारतीय पक्षलाई नियमित समयभन्दा अगाडि नै बैठक बस्न भन्ने उनले जानकारी दिए ।
सीमा क्षेत्रमा बनाइएका बाँध तथा तटबन्धको उचाइ थपेर भारतले पानीको बहाव नेपालतर्फै फर्काएको तथा नदीका दुवै किनारा हुँदै तटबन्ध बनाएर प्राकृतिक बहावमा बग्न दिने सहमतिविपरीत काम गरेको कूटनीतिक नोटमा उल्लेख छ। त्यस्तै कोसी र गण्डकलगायत ठूला नदीमा बनाइएका ब्यारेजको ढोका पानीको सतह बढ्दा बीचबाट खोल्नुपर्नेमा त्यसको पालना नगरिएको, नदीमा आएको बाढीले तटीय क्षेत्रमा नेपालतर्फ ३२.३ हेक्टर र भारततर्फ १६ हेक्टरसम्म डुबान हुँदासम्म कुनै प्रतिक्रिया दिन नपाइने समझदारी भएको तर भारतीयका कारण नेपालतर्फ एउटा नदीको बहाव अवरुद्ध हुँदा दुई सय हेक्टरसम्म बाली र बस्तीमा क्षति पुऱ्याउने गरेकामा ध्यानाकर्षण गराइएको छ।

# आङ्काजी शेर्पाले गुटबन्दी गरेको किरातीको आरोप

काठमाडौं । ज्नता समाजवादी पार्टी नेपालका केन्द्रीय परिषद सदस्य तथा प्रवास उपाध्यक्ष मिलन कान्छा किराँतीले सङ्गठनभित्र आफूविरुद्ध गुटबन्दी गर्न प्रवास ईन्चार्ज आङ्काजी शेर्पा सक्रिय रहेको आरोप लगाएका छन् ।
उनले भने, 'शेर्पाजीले अनावश्यक गुटबन्दी चलाउनु भो । यसले कसैलाई फाईदा गर्दैन । यो सङ्गठनको हितमा छैन ।' यस्तो हर्कत तुरुन्त रोकिनुपर्ने, नरोकिए केन्द्रीय समितिलाई छानबिन गर्न समेत माग गरे । उनले थपे, 'गुटबन्दी गर्नेलाई छानबिन गरी कडा कारबाही गरिनु पर्छ ।' यदि एमसीसीबारे प्रवासको साझा धारणाभन्दा फरक धारणा मिडियामा बोलेको, विधि, प्रकृयाभन्दा बाहिर गएको भए र यहि प्रवासको सन्दर्भसँग सम्बन्धित रहेर पार्टी अध्यक्षद्धय उपेन्द्र यादब र महन्थ ठाकुरले एमसीसीबारे विज्ञप्ति जारी गर्दै अनभिज्ञता प्रकट गरेको होभने केन्द्रको औपचारिक पत्र आउनु पर्छ । पार्टीकेन्द्रलाई चित्तबुझ्दो र प्रष्ट प्रष्टिकरण दिन तयार छु । नत्र अमूक व्यक्ति बीचमा बसेर सङ्गठनभित्र भ्रम सिर्जना गर्न पाइदैन ।' एमसीसीबारे प्रवासले केन्द्रलाई औपचारिक पत्र पठाएको, आफ्नो साझा धारणा गोप्य राख्न नभई प्रतिवेदन अनुसार सबै सदस्यले धारणा राख्न तयार गरिएको र कार्यदल संयोजकको हैसियतले यसबारे पदाधिकारी बैठकले पास गरेपश्चात प्रकृयागत नै आफुले बोलेको भन्दै एमसीसीबारे केन्द्रको धारणा चाँडो अपेक्षा गरिएको समेत किराँतीले स्पष्ट पारे ।
आफुले शेर्पालाई पहिचानको नाममा साम्प्रदायिक कुरा गरेर ठीक्क मिलेर बसेको समाजमा विग्रह नल्याउन, कमिटीगत प्रणालीभन्दा बाहिरका स्तरहीन एवं असम्बन्धित व्यक्तिसँग अन्तरवार्तामा बसेर प्रवास सङ्गठनको उचाई नघटाउन र इन्चार्जको भूमिका समन्वय गर्ने भएकोले प्रवास सङ्गठनमा अनावश्यक सक्रियता नदेखाउन अपिल गरेसँगै शेर्पाले एमसीसीबारे अनर्गल प्रचारगर्दै आफुविरुद्ध प्रवास मूख्यसचिव विश्वदीप तिगेला प्रयोग गरेर गुटबन्दी गरेको किरातीले आरोप लगाए ।
प्रवास र केन्द्रसँग सङ्गठनको लागि राम्रो समन्वय गर्न सक्ने इन्चार्ज आवश्यक रहेकोले गैहभौगोलिक प्रदेशको अनुभवसहितको योग्य ईन्चार्ज आउदो प्रवास प्रदेस पदाधिकारी बैठकमा आफुले माग उठान गर्ने समेत उनले बत्ताए ।

# राजविराजमा लकडाउनको पूर्ण पालना




राजविराज । कोरोना भाइरस ( कोभिड-१९) का कारण राजविराज नगरपालिकामा एक वृद्धको मृत्यु भएपछि घोषणा गरिएको लकडाउन पूर्णरुपमा पालना भइरहेको छ ।

कोरोना समुदायमा फैलिने सम्भावना बढ्दै गएपछि जिल्ला प्रशासन कार्यालय सप्तरीले राजविराज नगरपालिका क्षेत्रमा बिहीबार बिहान ५ बजेदेखि अनिश्चितकालिन निषेधाज्ञा जारी गरेको छ ।

कोरोनाको सबभन्दा बढी जोखिम शहरी क्षेत्रमा रहेकोले मुख्यतः वडा नं. २ देखि ८ सम्म पूर्ण लकडाउन रहेको नगरप्रमुख शम्भुप्रसाद यादवले मधेशवाणीलाई बताएका छन् ।

उनले राजविराज नगरपालिकाभित्र कोरोना भाइरस समुदायस्तरमा प्रवेश गरिसकेको बताउँदै त्यसलाई नियन्त्रणका लागि अनिश्चितकालीन लकडाउन गरिएको जानकारी दिए ।

दैनिक कोरोना संक्रमित फेला पर्दै गएपछि बुधबार प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्यको अध्यक्षतामा बसेको जिल्ला सुरक्षा समितिको बैठकले सो निर्णय गरेको हो ।

बैठकपछि जारि गरिएको निषेधाज्ञा बारे सूचनामा राजविराज नगरपालिकामा कोरोना संक्रमणले एक जनाको मृत्यु तथा हालसम्म ४ सय ४ जनामा संक्रमण देखिएकाले समुदायमा कोरोना फैलिन नदिन निषेधाज्ञा जारि गरिएको उल्लेख गरिएको छ ।

स्थानिय प्रशासन ऐन २०२८ को दफा ६(३) र संक्रमक रोग ऐन २०२० को दफा २ बमोजिम राजविराज नगरपालिका भरी जारि निषेधाज्ञाको पालना गर्न समेत सूचना मार्फत आग्रह गरिएको छ ।

उक्त आदेशको उल्लंघन गर्ने व्यक्तिलाई कानुन बमोजिम कारवाही गरिने जनाइदै अत्यावश्यक सेवा बाहेकका अन्य सेवा स्थालहरुमा अनावश्यक आवतजावत, हिडडुल नगर्न समेत सचेत गराइएको छ ।

## मधेश अपडेट

### प्रधानमन्त्रीको अभिव्यक्तिको विरोधमा प्रदर्शन

जनकपुरधाम । प्रधानमन्त्री केपी शर्मा ओलीको अभिव्यक्तिको विरोधमा जनकपुरमा प्रदर्शन भएको छ । प्रधानमन्त्री ओलीले 'अयोध्या धाम नेपाल मै छ, राम नेपाली हुन' भनेर अभिव्यक्ति दिएपछि नेपाल-भारतबीचको सांस्कृतिक, धार्मिक सम्बन्ध मात्र नभै विश्वमा रहेका हिन्दूधर्मालम्बीहरुको आस्थामा आँच पुऱ्याएको भन्दै विश्वहिन्दू परिषदलगायतका विभिन्न धार्मिक संघसंस्थाहरुले शनिबार विरोध प्रदर्शन गरेका हुन् । जनकपुरका रामानन्द चौकबाट निस्केको विरोध प्रदर्शन बाह्रविघा, जानकी मन्दिर, जनक चौक, भानु चौक, शिव चौक हुँदै रेल्वे स्टेशनमा पुगेर कोण सभामा परिणत भएको थियो । कोणसभालाई सम्बोधन गर्दै हिन्दू युवा परिषद्का संयोजक सत्यम मुरारीले प्रधानमन्त्री केपी शर्मा ओलीले दिएको वक्तव्यले विश्वमा रहेका हिन्दू धर्मावलम्बीहरुको आस्थामा ठेस पुगेको बताए ।

### प्रधानमन्त्री ओली र पाकिस्तान विरुद्ध प्रदर्शन

वीरगन्ज । प्रधानमन्त्री केपी शर्मा ओलीले रामजन्मभूमी अयोध्याबारे दिएको अभिव्यक्तिबारे राष्ट्रिय एकता अभियानले बाराको जीतपुरमा विरोध प्रदर्शन गरेको छ। अभियानले पाकिस्तान सरकारविरुद्ध पनि प्रदर्शन गरेको छ। प्रधानमन्त्री ओलीले भानुजयन्तीका अवसरमा अयोध्या नेपालमा रहेको भन्ने विवादास्पद अभिव्यक्तिको विरोधमा जीतपुरमा विरोध प्रदर्शन गरिएको हो। अभियानका समर्थकहरुले प्रधानमन्त्री ओलीले अयोध्यामाथि दिएको तथ्यहीन वक्तव्य र पाकिस्तान सरकारले हिन्दू मन्दिर भत्काएको विरोधमा विरोध प्रदर्शनमा उत्रिएका हुन । प्रदर्शनमा उनीहरुले पाकिस्तान सरकार र प्रधानमन्त्री ओलीलाई खबरदारी गरेका थिए । यसअघि पनि राष्ट्रिय एकता अभियान पर्साले अमेरिकी मिलेनियम च्यालेन्ज कोर्पोशन (एमसीसी) सम्झौता र परराष्ट्रमन्त्रीले गोरखाको रुई गाउँ सम्बन्धि दिएको गैरजिम्मेवारी अभिव्यक्तिको विरोधमा वीरगञ्जमा प्रर्दशन गरेको थियो ।

### नागरिक विरोधी निर्णय खारेज गर्न आग्रह

वीरगञ्ज । जनता समाज पार्टी (जसपा) नेपालले नागरिक विरोधी निर्णय खारेज गर्न माग गरेको छ । पर्साका प्रमुख जिल्ला अधिकारी विष्णुकुमार कार्कीमार्फत प्रधानमन्त्रीको कार्यालय, स्वास्थ्य मन्त्रालय र प्रदेश २ का मुख्यमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै जसपा वीरगञ्ज कमिटीले त्यस्तो माग गरेको हो । जसपाका लियाकत अली नेतृत्वको टोलीले आइतबार प्रमुख जिल्ला अधिकारी कार्कीलाई ज्ञापनपत्र बुझाएको हो । अलीले आफूलाई वीरगञ्ज महानगर कमिटी अध्यक्ष रहेको दावी गर्दै आइरहेका छन् । संघीय समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी मिलेर जसपा बनेपनि स्थानीय स्तरमा पार्टीको एकीकृत कमिटी बनेको छैन । त्यसैले वीरगञ्जमा विभिन्न समूहले जनता समाजवादी पार्टीको नेतृत्वमा आ-आफ्नो दाबी प्रस्तुत गर्दै आइरहेका छन्। लकडाउनमा सर्वसाधरणले आत्महत्या गर्ने क्रम ह्वात्तै बढेको, नागरिक ऋणमा डुबेका बेला सरकारले ५ हजार ५ सय तिरेर पीसीआर परीक्षण गर्ने उर्दी जारी गर्नु, काठमाडौं जान भिसा लगाएको अनुभव हुने गरी पासमा कडाइ गरिनु नागरिक विरोधी निर्णय भएको ठहर जसपाको छ। ज्ञापनपत्र बुझाउन जनता समाजवादी पार्टीका नेता राजेशमान सिंह लगायतको टोली जिल्ला प्रशासन कार्यालय पर्सामा पुगेका थिए ।

### कैलालीमा बाढीले सयौं घर डुबानमा

कैलाली । कैलालीको भजनी नगरपालिकामा काँढा नदीमा आएको बाढीले सयौं घर डुबानमा परेका छन् । लगातारको वर्षाका कारणले अहिले डुबानको समस्या बढ्दै गएको छ । भजनी नगरपालिका-२ को मोहनपुर, वडा नम्बर ३ को काँढा र ढुसी गाउँका गरी करिब डेढ सय घर डुबानमा परेको प्रहरीले जनाएको छ। काँढा नदीमा आएको बाढी ओभरफ्लो भएर गाउँमा डुबानमा भएको हो । भजनी नगरपालिका, टीकापुर नगरपालिका, जानकी गाउँपालिका, जोशीपुर, कैलारी गाउँपालिका, धनगढी उपमहानगरपालिकाको दक्षिणी क्षेत्र बाढी विपदको जोखिममा रहेका छन् ।

### अफिमसहित पुन पक्राउ

बाँके । कोहलपुर नगरपालिका-११ स्थित एलबी गेष्ट हाउसबाट सोही नगरपालिका-२ बस्ने ३२ वर्षीय भबिलाल पुनलाई लागूऔषध अफिम ४ किलो १ सय ७४ ग्राम सहित शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । उक्त गेष्ट हाउसमा अवैध लागूऔषध अफिमको कारोबार भइरहेको भन्ने सूचनाको आधारमा लागूऔषध नियन्त्रण ब्यूरो नेपालगंज, कर्णाली प्रदेश प्रहरी ब्यूरो र ईलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको संयुक्त टोलीले उक्त गेष्ट हाउसबाट पुनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### कुटपिट गरी हत्या गर्ने सौतेनी आमा पक्राउ

रौतहट । पाँच वर्षीय बालकलाई कुटपिट गरी हत्या गरेको अभियोगमा सौतेनी आमा पक्राउ परेकी छन् । देवाही गोनाही नगरपालिका-४ दोहर बस्ने गणेश सहनीको छोरा ५ वर्षीय कृष्ण सहनीको कुटपिट गरी हत्या गरेको अभियोगमा उनकै सौतेनी आमा २० वर्षीया फुली देवी सहनीलाई शुक्रबार राति प्रहरीले पक्राउ गरेको छ । फुली देवीले आफ्नो पट्टीको छोरालाई पिटेको विषयलाई लिएर कुटपिट गर्दा गम्भीर घाइते भएका कृष्णको सुकदेव चोकस्थित नेपाल तराई सिटी अस्पताल रौतहटमा उपचारको क्रममा शनिबार बिहान मृत्यु भएको छ । ईलाका प्रहरी कार्यालय देवाही गोनाहीबाट खटिएको प्रहरीले फुली देवीलाई पक्राउ गरेको हो ।

### मोबाइल चोरी गर्ने दुई जना पक्राउ

मोरङ । मोबाइल चोरी गरेको अभियोगमा सप्तरी बेलही चपेना गाउँपालिका-३ बस्ने २४ वर्षीय संजय मण्डल र सोही ठाउँ बस्ने २० वर्षीय ओम कुमार मण्डललाई प्रहरीले पक्राउ गरेको छ। उनीहरुलाई विराटनगर महानगरपालिका-४ बाट शुक्रबार प्रहरीले पक्राउ गरेको हो। विराटनगर महानगरपालिका-१३ सैनिक टोल बस्ने ममता कुमारी मण्डलको डेराबाट असार ३० गते कोठामा राखेको मोबाइल तथा पावर बैंक उनीहरुले चोरी गरेको भन्ने खबर प्राप्त हुनासाथ उनीहरूलाई प्रहरीले पक्राउ गरेको हो ।

### करेन्ट लागेर किशोरको मृत्यु

कैलाली । गोदावरी नगरपालिका-५ स्थित गेटामा निर्माण भइरहेको मेडिकल कलेजमा मजदुरी गर्ने कञ्चनपुर कृष्णपुर नगरपालिका-७ बस्ने १७ वर्षीय रबिन्द्र बमको करेन्ट लागेर मृत्यु भएको छ। शुक्रबार दिउँसो रड काट्ने मेसिन साईड लगाउने क्रममा करेन्ट लागेर अशक्त भएका उनको धनगढीस्थित नोभा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### खोलाले बगाउँदा बालिकाको मृत्यु

कैलाली । अविरल वर्षाका कारण घोडाघोडी नगरपालिका-६ बसन्तास्थित इँट्टाभट्टा खोलामा आएको बाढी शनिबार बिहान गाउँमा पस्दा सोही ठाउँ बस्ने माधब चौधरीकी छोरी १२ वर्षीया उर्मिला चौधरीको मृत्यु भएको छ। खोलाले बगाई बेपत्ता भएकी उनी खोजी गर्ने क्रममा घरदेखि करिब ५ सय मिटर टाढा मृत अवस्थामा फेला परेकी हुन्। बाढीले करिब १ सय घरधुरी समेत डुबानमा परेको छ। ईलाका प्रहरी कार्यालय सुख्खडबाट खटिएको प्रहरीले आवश्यक उद्धार कार्य गरिरहेको छ ।

### मृत अवस्थामा फेला

कपिलवस्तु । बाणगंगा नगरपालिका-८ बाणगंगा नदीको किनारमा अर्घाखाँची सितगंगा नगरपालिका-१४ बस्ने ६० वर्षीय कर्ण बहादुर परियार बिहीबार बिहान मृत अवस्थामा फेला परेका छन् । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### खोलामा मृत फेला

रुपन्देही, कञ्चन गाउँपालिका-५ भैसाही बस्ने २४ वर्षीय रोहित थारु कपिलवस्तु बाणगंगा नगरपालिका-१० भेलैयास्थित कोठी खोलामा मंगलबार बिहान डुबेर मृत अवस्थामा फेला परेका छन्। माछा मार्न भनी रुपन्देही(कपिलवस्तुको सिमानामा पर्ने कोठी खोलामा गएका उनी घर फर्की नआएपछि खोजी गर्ने क्रममा मृत फेला परेका हुन्।

### खोलामा डुबेर बालकको मृत्यु

कपिलवस्तु । बाणगंगा नगरपालिका-१ उक्टास्थित पानी जमेको खाल्डोमा डुबेर सोही ठाउँमा डेरा गरी बस्ने डडेलधुरा अम्मरगडी नगरपालिका(४ घर भएका मनिस धित्तको ४ वर्षीय छोरा निशान्त धित्तको आइतबार दिउँसो मृत्यु भएको छ । यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# भावपूर्ण श्रद्धाञ्जली

जन्म :
सन् : १९२८



स्वर्गारोहण :
सन् : २०२०।०७।१४

**स्व.जगदीश प्रसाद साह**

गुरुभाई तथा मेरा आत्मीय मित्र ओमप्रकाश साह (विराटनगर)को पुजनीय पिता **जगदीश प्रसाद साह** भारतको बिहार राज्यस्थित मधेपुरामा ब्रम्हलिन हुनु भएकोमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै यस दुःखद् घडिमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

**शिवशिष्य रामप्रवेश रौनियार**

**एवम् परिवार**

**काठमाडौं, नेपाल**



**मैथली भाषामा**

**हमरा सवलेळ जिम्मेवारी, कोराना भाइरस संक्रमण रोकळलेल अपनाऊ होशियारी:**

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसऽ फैलऽवला संक्रमण अइछ ।
- संक्रमित भेल व्यक्तिसऽ खोकला आ छिँकलासऽ निकलैवाला थुक आ पोटाके माध्यमसऽ यी भाइरस एक व्यक्ति सऽ दोसर व्यक्तिमे फैलइछेइ ।

**यी रोगसऽ बचकेलेल कि करऽ परतई ?**

- खोकैत आ छिँकैत काल नाक, मुख झँपु , आ प्रयोग क्यालगेल टिसूपेपरके तुरन्त कुडा फेकवाला कुडादानीमे फेकू ।
- समय समयमे सावुन पाइनसऽ निकसऽ मैलमैलकऽ हात धोऊ । आ सनिटाइजर हातमे लगाऊ । ककरोसऽ भेटैछि त हात नैमिलाऊ । मात्र नमस्कार, चाहे प्रणाम करु ।

**आ, कि नइ करैक चाही ?**

- खोकी लागल आदमीसऽ दुरी बनाकऽ रहु । आ अगर अपनहूके खोकी लागल अइछ त दोसर आदमीसऽ दुर रहु । भीडभाडमे नइजाऊ आ दोसोरो लोग सबके भीडभाडमे नइजाऊ से कहिके बुझाऊ ।

**आरो ध्यान देववाला बातः**

- बोखार लगलापर, खोकी भेलापर, आ स्वाँस लेलापर दिकत भेलापर जल्दिसऽ लगके स्वास्थ्य संस्थामे सम्पर्क करु ।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नइलागैवाला टेलिफोन नं. १११५ मे फोन कऽ सकैछि ।
- डेराऊ नईं सतर्क रहू ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



# विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासायियक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
सम्पर्क नं. : ०१५२२३५०
इमेल : malcprovince2@gmail.com


**स्थानीय सम्वाद**

# राजविराजको अवस्था भयावह छ, सचेत होऔं



**शम्भु प्रसाद यादव**
**नगरप्रमुख, राजविराज नगरपालिका, सप्तरी**

**० कोरोना भाइरसका कारण राजविराजमा एक जनाको मृत्यु भएपछि लकडाउन घोषणा गरिएको छ, कस्तो अवस्था छ ?**

– अहिले राजविराजको अवस्था भयावह छ । मृतक संक्रमितको सम्पर्क आएका २२ जनामा कोरोना पोजिटिभ देखाइसकेको छ । हामीले अझै पनि धेरै स्वाब संकलन गरी परीक्षणका लागि पठाएका छौं । कोरोना रोकथामका लागि हामीले अनिश्चितकालीन लकडाउन घोषणा गरेका छौं । सुरुदेखि नै हामीले सतर्कता अपनाउँदै आएका छौं । स्थानीय जनप्रतिनिधिको तर्फबाट कुनै त्रुटि भएको छैन । सीमा पारीबाट आउने मान्छेहरुबो सीमा सुरक्षाकर्मीहरुले वार्ड अध्यक्षलाई फोन गर्ने गरेको थियो । तर, जुन संक्रमितको मृत्यु भयो उहाँ भारतबाट कसरी आउनुभयो भन्ने कुरा हामीलाई जानकारी भएन । यसको सबभन्दा बढी दोषी उहाँका छिमेकीहरु हुन् । भारतबाट आएका छन् भन्ने कुरा कम्तीमा त्यहाँका छिमेकीहरुले हामीलाई जानकारी दिनुपर्ने थियो । कोरोनाका कारण मृत्यु भएका व्यक्ति लकडाउनभन्दा पहिला नै आफ्नी श्रीमतीको उपचारका लागि भारत जानुभएको थियो । उहाँ नेपाल आएको १० दिनपछि विरामी पर्नुभयो, त्यसपछि उपचारका लागि धरान जानुभयो । त्यसपछि उहाँको निधन भयो त्यसपछि मात्रै हामीलाई थाहा भयो ।

**० संक्रमितको सम्पर्कमा आएकाहरुमा पनि कोरोना पोजिटिभ आएको छ, उहाँहरुको अवस्था कस्तो छ त ?**

– मृतक संक्रमितबाट संक्रमित भएकाहरुको स्वास्थ्य अवस्था सामान्य नै छ । उहाँको श्रीमतीको स्वास्थ्य अवस्था पनि सामान्य नै छ । तर, उहाँको उमेरले गर्दा पनि मृत्यु भएको होला । उहाँको उमेर ७० नाघिसकेको थियो । उहाँ पहिला पनि दुई चार किसिमका रोगहरुबाट ग्रसित हुनुहुन्थ्यो । उहाँका सम्पर्कमा आएकाहरु सबैको स्वास्थ्य अवस्था सामान्य नै छ ।

**० विदेशबाट आउनेहरुका लागि नगरपालिकाले कस्तो व्यवस्थापन मिलाएको छ ?**

– भारत तथा अन्य मुलुकबाट आउनेहरुका लागि नगरपालिकाले तीन चार वटा क्वारेन्टाइन बनाएको थियो । एउटा क्वारेन्टाइनमा तीन चार सय जना बसेका छन् । सप्तरी जिल्लामा सबैभन्दा ठूला आइसोलेसन राजविराजमै छ कृष्णा मेडिकल कलेजमा । त्यहाँ भरिका सबै बस्छन् ।

**० लकडाउनलाई पूर्णरुपमा पालना गराउन नगरपालिकाले राहतका के कस्ता व्यवस्थाहरु गरेको छ ?**

– हामीले भन्न त अनिश्चितकालका लागि लकडाउन भनेका छौं तर एक हप्ताभित्र कस्तो अवस्था रहन्छ त्यसपछि पुनः नयाँ निर्देशन जारी गर्छौं । नगरपालिकाभित्र सम्भावित क्षेत्रहरुमा व्यापक स्वाब परीक्षण गरी त्यसपछि कस्तो परिणाम आउँछ, त्यसलाई हेरेर नै केही निर्णय हुन्छ । लकडाउन पूर्णरुपमा पालना गर्नका लागि हामीले नगरवासीलाई आह्वान पनि गरेका छौं । यो लकडाउनको अवधिमा खाद्यान्न तथा अति आवश्यक वस्तुको समस्या हुँदैन । दैनिक मजदुरी ज्यालादारी गर्नेहरुलाई खासै समस्या हुँदैन । किनभने अहिले खेती गर्ने समय आएको छ, रोपाइमा व्यस्त छन् । अहिलेको वर्तमान परिस्थितिमा मधेशमा साउन १५ सम्म कुनै किसान, मजदुर बेरोजगार छैन । अहिले खेत रोपाइँका लागि मजदुर पाउन मुश्किल छ । राजविराज नगरपालिकाको ग्रामीण क्षेत्रमा लकडाउन छैन, शहरी क्षेत्रमा मात्रै लकडाउन छ ।

**० बढी जोखिम रहेको ठाउँहरुमा लकडाउन कतिको पालना भइरहेका छन् ?**

– वैश्विक महामारी कोरोना भाइरसबाट बच्नका लागि यहाँका जनता एकदम सचेत छन् । हामीले घोषणा गरेको लकडाउन पूर्णरुपमा यहाँका जनताले पालना गरिरहेका छन् । जिल्ला प्रशासन कार्यालयले पनि निषेधाज्ञा जारी गरेको छ । यसमा जनताको पूर्ण समर्थन रहेको छ । हामीले पीसीआर टेस्ट पनि तीव्र बनाएका छौं । विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार लकडाउन पालना भइरहेको छ ।

**० राजविराजमा कोरोना समुदायस्तरमा प्रवेश गरेको हो त ?**

– यहाँ कोरोना निश्चितरुपमा नै समुदायस्तरमा प्रवेश गरिसकेको छ । मृतकको परिवारबाहेक १७ जना कोरोना पोजिटिभ देखाउँदा हामीले स्वीकार्नैपर्छ कि कोरोना समुदायस्तरमा प्रवेश गऱ्यो ।

**० कोरोना नियन्त्रण तथा रोकथामका लागि संघीय सरकारले १० अर्ब खर्च गरिसक्यो भनेको छ, त्यसबाट राजविराज नगरपालिकामा कति आयो ?**

– संघीय सरकारबाट स्थानीय तहमा एक सुको पनि आएको छैन । प्रदेश सरकारबाट अहिलेसम्म राहतको नाममा १५ लाख मात्र आएको छ । संघीय सरकारले १० अर्ब रुपैयाँ कहाँ खर्च गऱ्यो, कसरी कोरोना नियन्त्रण गऱ्यो हामीलाई केही थाहा छैन । प्रत्येक दिन संघीय सरकारले फ्याक्समार्फत् निर्देशनमात्रै पठायो । एक रुपैयाँ पनि कुनै स्थानीय तहलाई संघीय सरकारले पठाएको छैन । संघीय सरकारले स्थानीय तहलाई चिठ्ठी पठाएर निर्देशन दिने काम मात्रै गरेको छ । अरु केही गरेको छैन ।

**० कोरोनाका कारण वैदेशिक रोजगारी गुमाएका युवाहरुलाई स्थानीय तहले कसरी व्यवस्थापन गर्छ ?**

– वैदेशिक रोजगारीबाट फर्केका युवाहरुका लागि नगरपालिकाभित्र धेरै अवसरहरु छन् । हामीले कुनै काम गर्दा भारतबाट कामदार ल्याउनुपर्ने अवस्था छ । त्यसले वैदेशिक रोजगारबाट आएकाहरुका लागि त स्वतः अवसरहरु छन् । यहाँ कृषिमा पनि त्यतिकै सम्भावनाहरु छन् । नेपालीहरुले जति पसिना र श्रम विदेशमा गर्छ त्यति काम राजविराज नगरपालिका भित्र गऱ्यो भने विदेशभन्दा बढी रुपैयाँ कमाउँछन् । आफ्नै ठाउँमा काम गर्न यहाँका मान्छेहरुलाई लाग्छ । नेपालको सबैभन्दा दुर्भाग्यको कुरा हो कि आफ्नो ठाउँमा अवसर हुँदाहुँदै विदेशमा जान रुचाउँछन् । यसमा मानसिकतामा समस्या छ । नेपालीहरु आफ्नो देश बनाउन लाज मान्छन्, तर त्यहीं काम विदेशमा गएर गर्छन् ।

# चीनको ल्याबबाटै कोरोना भाइरस फैलिएको तथ्य बाहिरियो




वाशिंगटन । कोरोना भाइरस चीनको ल्याबबाटै फैलिएको भन्ने कुरालाई दाबी गर्ने एक नयाँ तथ्य सार्वजनिक भएको छ । अमेरिकी केन्द्रीय विभागले जारी गरेको कुटनीतिक केबलमा उक्त तथ्यको आधार फेला परेको हो । बेइजिङस्थित अमेरिकी दुतावासको सन् २०१८ को कुटनीतिक केबलमा 'चिनियाँ प्रयोगशालामा दक्ष टेक्निसियनहरुको अभावका कारण गम्भिर समस्या सिजर्ना हुनसक्ने' कुरा उल्लेख गरीएको सिएनएनले जनाएको छ ।

गत अप्रिलमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले कोरोना भाइरसको चीनकै ल्याबबाट फैलिएको प्रमाण रहेको तर भन्न नमिल्ने टिप्पणी गरेका थिए । अहिले बाहिरिएको कुटनीतिक केबलमा चिनियाँ ल्याबमा दक्ष टेक्निसियनको अभाव रहेको उल्लेख छ ।

कोरोना भाइरस चीनको वुहान इन्स्ट्युट अफ भाइरोलोजीबाट फैलिएको आशंका किन गरिएको हो भने, त्यो प्रयोगशालामा चमेरामा पाइने सार्स कोरोना भाइरसको अध्ययन हुँदै आएको थियो । प्रयोगशालामा काम गर्ने जनशक्ति दक्ष हुन नसक्दा र प्रयोगशालाको उचित व्यवस्थापन हुन नसक्दा त्यहाबाटै भाइरस बाहिरिएको अनुमान गरिएको छ ।

## विश्व परिवेश

# पाकिस्तानका हिन्दुहरु सुरक्षाको माग गर्दै पुगे जेनेभा

काठमाडौं । पाकिस्तानमा रहेको हिन्दु समुदायमाथि चरम उत्पीडन, भेदभाव, दबाब हुने गरेपछि उनीहरुको पलायनको मात्र रोकिएको छैन । धार्मिक विभेदसँगै त्यहाँ रहेका हिन्दु समुदायका मानिसहरु अपहरण, हत्यालगायत यौनजन्य हिंसाको सिकार समेत भइरहेका छन् । अल्पसंख्यक हिन्दुहरुमाथि पाकिस्तानी सांसद एवं राजनीतिज्ञहरुले समेत दैनिकरुपमा घृणात्मक अभिव्यक्तिहरु दिइरहेका छन् । यसबाहेक कट्टरपन्थी इस्लामीहरुले पाकिस्तानमा हिन्दु मन्दिर निर्माणको समेत विरोध गरेका छन् । उनीहरुले पाकिस्तानमा हिन्दु मन्दिर बनाउनु इस्लाम मूलुकको विरुद्ध रहेको भन्दै मन्दिर निर्माण गर्न दिएका छैनन् । धार्मिक असहिष्णुता बढ्दै गइरहेको पाकिस्तानमा मुस्लिमहरुले केही दिनअघि सिन्धमा रहेको एक हिन्दु मन्दिरमा आक्रमण समेत गरेका थिए । पाकिस्तानी सरकारबाट संरक्षण र सुरक्षा पाएका नेताहरुकै संलग्नतमा उक्त मन्दिरमा आक्रमण भएको खुलेको छ ।

त्यहाँका मुस्लिम विचारधाराका सर्मथकहरु हिन्दु धर्मसँग बढी सरोकार राख्न खोज्छन् । यस कारण पनि त्यहाँ हिन्दुहरुमाथि बढी नकारात्मक दृष्टिकोण राखिने गरिन्छ । यसबाहेक भारतविरुद्धको क्रोधमा पनि जिहादीहरुले हिन्दुहरुमाथि हिंसा गरिरहेको रिपोर्टहरुमा उल्लेख छ । पाकिस्तानी प्रधानमन्त्री इमरान खानको पार्टीका नेता कार्यकर्ताहरु पनि यो कार्यमा संलग्न रहँदै आएका छन् । हालै जेनेभामा प्रदर्शनमा उत्रिएका प्रदर्शनकारीहरुले पाकिस्तानमा हिन्दुहरुमाथि चरम शोषण हुने गरेको बताएका छन् । हिंसाबाट बच्नका लागि कुनै आवाज उठाउनु पनि आफ्नै लागि घाटा हुने उनीहरुले बताएका थिए ।

प्रदर्शनकारीहरुका अनुसार पाकिस्तानी सरकारी निकायहरुले समेत हिन्दुहरुमाथिको उत्पिडनका विषयमा बोल्दैनन् । प्रदर्शनकारीहरुले संयुक्त राष्ट्रसंघ र अन्य अन्तर्राष्ट्रिय संगठनहरुलाई पाकिस्तानमा आफ्नो सुरक्षाका लागि कदम चालिदिन आग्रह गरेका छन् । उनीहरुले हिन्दु समुदायमाथि हुने हिंसाको बचाउका लागि संवैधानिकरुपमा नै व्यवस्था गरिदिनका लागि विश्वसमुदायमा आग्रह गरेका छन् ।

# जिम्बावेमा पाकिस्तानी कुटनीतिज्ञ मानव तस्करीमा संलग्न

काठमाडौं । जिम्बावेले एक पाकिस्तानी कुटनीतिज्ञलाई फिर्ता पठाएको छ । तस्करी सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुन उल्लंघन गरेको आरोपमा ती कुटनीतिज्ञलाई पाकिस्तान फिर्ता पठाइएको हो । राजधानी हरारेस्थित पाकिस्तानी दुतावासमा कार्यरत वकास अहमदलाई फिर्ता पठाइएको हो ।

वकासले गत वर्ष तीन पाकिस्तानी नागरिकलाई जिम्बावेको बेइटब्रिजहुँदै अवैधरुपमा दक्षिण अफ्रिका पठाउन खोजेका थिए । त्यसक्रममा वकास अवैध मानव तस्करीमा संलग्न रहेको पोल खुलेको थियो ।

जिम्बावेको विदेशमन्त्रालयले त्यहाँस्थित पाकिस्तानी दुतावासलाई कुटनीतिक पत्र काट्दै ती अधिकारीको कदमप्रति चिन्ता र निन्दा व्यक्त गरेको थियो । जिम्बावेको अध्यागमन विभागले सन् २०१९ को अक्टोबर ३० मा विदेश मामिला विभागलाई पत्र लेख्दै ती अधिकारीको मुद्दाको जानकारी गराएको थियो । एक महिला र २ पुरुष सहित ३ पाकिस्तानी नागरिकलाई अवैधरुपमा दक्षिण अफ्रिका पठाइरहेको अवस्थामा पाकिस्तानी कुटनीतिज्ञ वकास पक्राउ परेको भन्दै जिम्बावेका अधिकारीहरुले विदेश मामिला विभागलाई पत्र पठाएका थिए । लामो समयको छलफल र खोजिपछि वहुराष्ट्रिय कानुन मिचेको पाइएका पाकिस्तानी कुटनीतिज्ञको हर्कतको निन्दा गर्दै जिम्बावेको विदेशमन्त्रालयले ती अधिकारीलाई दुतावासबाट हटाउन पाकिस्तानलाई निर्देशन दिएको हो ।

गत वर्ष पक्राउ परेका ३ पाकिस्तानीहरुले सोधपुछका क्रममा दुतावासका अधिकारीहरुसँग सम्बन्ध रहेको बताएका थिए । त्यसपछि वकासको मानव तस्करीमा संलग्नता रहेको खुलेको हो ।

## चीनलाई विश्वास गर्न नसकिने बेलायती विदेशमन्त्रीको भनाई

लन्डन । बेलायतका विदेशमन्त्री डोमिनिक राबले चीनलाई कुनै हालतमा विश्वास गर्न नसकिने बताएका छन् । चीनले हङकङका लागि नयाँ सुरक्षा कानुन लागु गर्दै हङकङको स्वतन्त्रता अन्त्य गरेपछि बेलायती विदेशमन्त्री राबले अन्तर्राष्ट्रिय मामिलाका कुनै पनि प्रसंगमा चीनसँग विश्वास गर्न नसकिने बताएका हुन् ।

'चीनले बेलायतसँग गरेको अन्तर्राष्ट्रिय सम्झौतालाई उल्लंघन गरेको छ । सन् १९९७ मा हङकङलाई चीनको जिम्मा लगाउँदा हङकङको स्वतन्त्रता र स्वायत्तता ५० वर्षसम्म कायम गर्ने र एक मुलुक दुई प्रणाली लागु गर्ने सम्झौता भएको थियो । त्यो विश्वासको विषय थियो । तर, चीनले उक्त सम्झौता उल्लंघन गर्दै विश्वासको संकट पैदा गरेको छ,'उनले भने । उनले विश्वभरका अधिकांश मुलुकहरुले चीनले किन सम्झौता उल्लंघन गरेको भन्दै प्रश्न गरिरहेका बताएका छन् । यसअघि बेलायतका लागि चिनियाँ राजदूत लिउ सियाओमिङले बेलायतले चीनको आन्तरिक मामिलामा हस्तक्षेप गरेको बताएका थिए ।

## चीनविरूद्ध पाकिस्तानमा प्रदर्शन

इस्लामाबाद । पाकिस्तानको मुजफ्फरावादका बासिन्दाहरुले पाकिस्तान र चीनको विरुद्धमा प्रदर्शन गरेका छन् । चीनले निलम र झेलम नदीमा अवैध बाँध बनाएपछि स्थानीयहरुले प्रदर्शन गरेका हुन् ।

निमलुम झेलम र कोहला हाइड्रो पावरका लागि बनाइएको ड्यामको विरोधमा उनीहरु उत्रिएका हुन् । पाकिस्तान र चीनले बनाएको बाँधका कारण त्यहाँ प्राकृतिक विपत्ती सिर्जना हुने स्थिती रहेको छ । त्यसैकारण उनीहरु प्रदर्शनमा उत्रिएका हुन् । सामाजिक सञ्जाल ट्विटरमा समेत 'सेभरिभरसेभएजेके' ह्यास्ट्याग अहिले ट्रेन्डिङमा रहेको हिन्दुस्तान टाइम्सले जनाएको छ । निर्माण नरोकेसम्म आफुहरुले प्रदर्शन जारी राख्ने प्रदर्शनकारीहरुले बताएका छन् ।

मुजफ्फरावाद, जम्म-कस्मिर अन्तर्गतको पाकिस्तानी शासित जिल्ला हो । भारत र पाकिस्तानबीच विवादित क्षेत्रको राजधानी समेत मुजफ्फरावाद हो ।

## बाांध बनाउने निर्णयको विरोधमा पाकिस्तानमा प्रदर्शन

इस्लामावाद । चीनले अवैधरुपमा पाकिस्तानको मुजफरवादमा रहको निलम र झेलुम नदीमा बाँध बनाएको भन्दै स्थानीयहरु आन्दोलनमा उत्रिएका छन् । पाकिस्तान प्रशासित काश्मीरमा रहेको उक्त क्षेत्रमा चीनले स्थानीयहरुको विरोधका बाबजुद बाँध बनाइरहेको छ । त्यसको विरोधमा मुजफरवादका स्थानीयहरुले व्यापक विरोध प्रदर्शन गरेका छन् । स्थानीय सञ्चारमाध्यमका अनुसार निलुम झेलुम र कोहाला जलविद्युत परियोजनामा अवैधरुपमा बाँध बनाएको विषयमा उनीहरुले यस सातादेखि आन्दोलन र प्रदर्शनहरु सुरु गरेका हुन् । पाकिस्तान र चीनले बनाइरहेको उक्त बाँधले वातावरणीय असर पर्ने भन्दै विरोध गरिरहेका छन् ।

## चीनमाथि अमेरिको अर्को गम्भीर आरोप

वाशिङ्टन । चिनियाँ गतिविधिमाथि निरन्तर आक्रामक रहँदै आएको अमेरिकाले चीनमाथि फेरि अर्को गम्भीर आरोप लगाएको छ । अमेरिकी सुरक्षा निकाय एफबीआईका निर्देशक क्रिस्टोफर रेले चीनले पछिल्लो पटक अमेरिकी स्वास्थ्य संस्था, फर्मास्टिक्युल कम्पनी र एकेडेमिक इन्स्टिच्युसनमा आँखा गाडेको खुलासा गरेका छन् । उनले करिब ५ हजार एफबीआई काउन्टरइन्टेलिजेन्स केसहरुको अनुसन्धान भइरहेको र ती केसहरु चीनसँग सम्बन्धित भएको जानकारी दिएका छन् । चीन सरकारको जासुसी र सूचनाको चोरी, अमेरिकाको भविष्यका लागि अहिलेसम्मको सबैभन्दा ठूलो दीर्घकालीन खतरा भएको उनले बताएका छन् । उनले चीनले थुप्रै स्तरमा अभियान चलाइरहेको, विदेशमा बस्ने चिनियाँ नागरिकलाई निशाना बनाउन सुरु गरेको, उनीहरुलाई फिर्ता हुन बाध्य बनाएको र अमेरिकाको कोरोनाभाइरस माथिको अनुसन्धानलाई कमजोर बनाउन कोसिस गरेको आरोप लगाएका छन् । एफबीआई निर्देशकले चीनको यो खतराबारे अबका हप्तामा अमेरिकी महान्यायाधिवक्ता र विदेशमन्त्रीले पनि ध्यान दिने बताएका छन् ।

## चीनले कोरोना भाइरसको जानकारी लुकाएको चिनियाँ भाइरोलोजिस्टको खुलासा

काठमाडौं । चिनियाँ भाइरोलोजिस्ट (विषाणुविद्) डा.लि मेंग यानले चीनले कोरोना भाइरस सम्बन्धी तथ्यहरु लुकाएको खुलासा गरेकी छिन् । उनका अनुसार कोरोना भाइरसको सूचना सुरुमा बाहिर आउनुभन्दा धेरै नै अघि चीनलाई यसबारे थाहा रहेको र उसले आफ्नो सुरक्षा अपनाइ अरुलाई यसबारेमा गुमराहमा राखेको बताएकी हुन् । हङकङ जनस्वास्थ्य विश्वविद्यालयकी भाइरोलोजिस्ट एवं इम्युनोलोजिस्ट डा. यानले फक्स न्युजसँगको अन्तर्वातामा भनेकी छन्, 'म अमेरिका आउनुको कारण कोभिड-१९को सत्य सूचना दिनका लागि हो ।' उनले कोरोनाबारेको यथार्थ कुरा चीनमै भनेको भए आफु त्यहाँ मारिने थिए भन्दै अमेरिका आएको बताएकी हुन् ।

कोरोना भाइरसबारे शुरुमा अध्ययन गर्ने विश्वभरका वैज्ञानीकमध्ये एक रहेको भनिएकी डा. यानले सन् २०१९ मै विश्वविद्यालयको प्रयोगशालामा कोरोना भाइरस देखा परेको फक्स न्युजले उल्लेख गरेको छ । हङकङमा नै कोरोना भाइरस देखिएपछि विज्ञहरुले थप अनुसन्धान गर्न खोजेको तर चीनले रोकेको ती डाक्टरले बताएकी छिन् । यद्यपि अहिले उनी सम्पर्कमा रहेकी छैनन् ।

चीनमा कयौं संक्रमितहरुले उपचार नपाएको यानले बताएकी छन् । उनले डब्लुएचओका सल्लाहकार प्रोफेसर मालिक पेरिसलाई समेत भाइरसबारे थाहा भएको तर, कसैले पनि कुरा बाहिर ल्याउन नखोजेको बताएकी हुन् ।

'मलाई थाहा थियो डब्लुएचओजस्ता भ्रष्ट संस्था र चिनियाँ जस्तो भ्रष्ट र शोषक कम्युनिष्ट देशले यसबारे कुनै कदम चाल्ने छैनन् ।' उनले भनेकी छिन् । यसबाहेक पनि चीनले कोरोना भाइरस सम्बन्धी थुप्रै किसिमको जानकारी लुकाएको आरोप लागेका छ ।

अन्धविश्वास र कुरीतिमा लाग्दा जीवनमा आइपर्ने दुष्परिणामबारे जनसाधारणलाई सचेत र शिक्षित बनाउन असल नागरिकहरु अग्रसर भई मार्ग निर्देशन गर्नुपर्दछ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## जिल्ला समाचार

### जानकी मन्दिर सौन्दर्यीकरणप्रति चासो

जनकपुरधाम । पुरातत्व विभागले जानकी मन्दिर सौन्दर्यीकरण र विद्युतीकरणको काम गर्दा सम्पदामा पर्न सक्ने असरबारे ख्याल गर्न आग्रह गरेको छ । जानकी मन्दिर सौन्दर्यीकरण गर्दा भविष्यमा विश्व सम्पदा सूचीमा सूचीकरण गर्ने प्रक्रियामा असहज परिस्थिति नआउने गरी काम गर्न विभागले आग्रह गरेको हो । सौन्दर्यीकरण कार्यक्रमले उक्त क्षेत्रको संवेदनशीलता, अविछिन्नता एवं प्राथमिकता जस्ता बिषयमा हस्तक्षेप हुन सक्ने भन्दै विभागले त्यसतर्फ सचेत गराएको हो । जनकपुर वृहत्तर विकास परिषदले प्रदेश २ र संघीय सरकारको लगानीमा जानकी मन्दिरभित्र र बाहिर १२ करोड रुपैयाँमा सौन्दर्यीकरण तथा विद्युतीकरण योजना अघि बढाएको छ । 'भविष्यमा विश्व सम्पदा सूचीमा सूचीकरण गर्ने प्रक्रियामा सहज रुपमा अगाडि बढाउनका लागि उक्त क्षेत्रको गुण तथा विशेषताहरुको संवेदनशीलता, अविछिन्नता एवं प्राथमिकता जस्ता महत्वपूर्ण विषयहरुलाई नयाँ किसिमका हस्तक्षेप वा थप कार्यहरुले नकारात्मक असर नपरोस् भन्नेमा सरोकारवाला सबै सचेत हुनु आवश्यक र अनिवार्य छ' विभागकी पुरातत्व अधिकृत सुभद्रा भट्टराईले बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्लाई पठाएको पत्रमा भनिएको छ । विभागले जानकी मन्दिर क्षेत्रमा नयाँ विकास निर्माण एवं सौन्दर्यीकरण सम्बन्धी कुनै काम गर्नुपरेमा जनकपुरधाम उपमहानगरपालिका एवं स्थानीय सरोकारवालासँग समन्वय गरी अघि बढ्न आग्रह गरेको छ ।

### वीरगन्जमा कोरोना संक्रमित वृद्धको मृत्यु

वीरगन्ज । वीरगन्जमा एकजना कोरोना संक्रमित वृद्धको मृत्यु भएको छ । वीरगञ्ज-६ माईस्थान बस्ने ७० वर्षीय श्याम नारायण वर्णवालको मृत्यु भएको हो । सोमबार एडभान्स अस्पतालमा भर्ना भएका वर्णवालमा श्वासप्रश्वासको समस्या थियो । सोमबार नै उनलाई शंकास्पद कोरोना संक्रमितको रुपमा नारायणी अस्पताल अन्तर्गतको गण्डक अस्थायी कोभिड अस्पतालमा भर्ना गरिएको थियो । दिउँसो एक बजेतिर गण्डकमा भर्ना भएका उनको मंगलबार अपरान्ह मृत्यु भएको गण्डक कोभिड अस्पतालले जनाएको छ । मृत्युपछि उनको स्वाब संकलन गरिएको थियो । नारायणी अस्पतालको पीसीआर ल्याबमा जाँच गर्दा बुधबार कोरोना पोजेटिभ देखिएको थियो । मृतकमा अन्य कुनै स्वास्थ्य समस्या नरहेको अस्पतालले जनाएको छ । वीरगञ्जको स्थिति एकदमै कठिन बन्दै गएकाले लकडाउनका लागि सिफारिस गरिएको छ । एडभान्स अस्पतालमा मात्रै ४ जनामा कोरोना संक्रमण पुष्टि भइसकेको छ ।

### कोरेक्ससहित बाँकेमा दुई जना पक्राउ

बाँके । डुडुवा गाउँपालिका-१ होलीयाबाट ६५ सिसि नियन्त्रित लागूऔषध कोरेक्ससहित २ जनालाई बिहीबार बिहान प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा भारत घर भएका २५ वर्षीय राज कुमार र ३२ वर्षीय आसिस अहिर रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले भारतबाट अबैध रुपमा ल्याउँदै गरेको उक्त परिमाणको लागूऔषध सहित उनीहरुलाई फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा स्थानीय प्रहरीले थप अनुसन्धान गरिरहेको जनाइएको छ ।

### जबरजस्ती करणी गर्ने पक्राउ

रुपन्देही । सैनामैना नगरपालिका-१ रानिकुवा बस्ने ५० वर्षीय यम बहादुर भण्डारीलाई १६ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा प्रहरीले पक्राउ गरेको छ । भण्डारीलाई बुधबार दिउँसो पक्राउ गरेको हो । भण्डारीले ती किशोरीलाई गत असार २४ गते दिउँसो सोही ठाउँस्थित जंगलमा च्याउ खोज्न जाने क्रममा जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय रन्यौराबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

### बाढीले रौतहटमा एक जनालाई बगायो

रौतहट । रौतहटको उत्तरीभेग चन्द्रपुरमा एक जनालाई बाढीले बगाएको छ । चाँदी नदीमा पौडी खेल्न गएका चन्द्रपुर नगरपालिका ३ का ५० वर्षीय शुकमानी थिङलाई मंगलबार बिहान ११ बजे बगाएको प्रहरीले जनाएको छ । पछिल्लो तीन दिनदेखिको अविरल वर्षाको कारण जिल्लाको पूर्वीभेग बागमती पश्चिम लालबकैया नदीका साथै सबै खोलाहरुमा पानीको स्तर बढ्दै गएको छ । लालबकैया नदीको पानी ईशनाथ नगरपालिका १ बनजरहामा पसेको छ । ईलाका प्रहरी कार्यालय बनजरहा अगाडि र गाउँमा तीन फिटसम्म पानी जमेको र पानी बढ्नेक्रम जारी छ । त्यसैगरी तरहारी खोलामा आएको बाढीले कटहरिया नगरपालिका ९ डुमरिया गाउँ छेउ मुसहरी टोल रातिदेखि डुबानमा परेको छ । मुसहरी टोलका ३५ परिवार आफन्तको घरमा बसिरहेको ईलाका प्रहरी कार्यालय कटहरियाका सई सुरेन्द्र सिंहले बताए ।

### सप्तकोशीको बहाव बढ्दो

विराटनगर । सप्तकोशी नदीमा पानीको बहाव बढ्दो क्रममा रहेको छ । सप्तकोशीमा आएको बाढीले खतराको तह पार गरेकोले आसपासका बस्तीलाई उच्च सतर्कताका साथ रहन निर्देशन दिइएको छ । मंगलबार बिहान ६ बजे गरिएको मापनअनुसार पानीको बहाव प्रतिसेकेन्ड ३ लाख ३४ हजार ९ सय ९० क्युसेक छ । यो वर्षकै उच्च मापन हो । कोशी ब्यारेजमा २ लाख क्युसेक प्रतिसेकेन्ड मापन हुँदा खतराको तह पार गर्छ । बहाव उच्च भएपछि ५६ मध्ये ४६ वटा ढोका खोलिएको कोशी ब्यारेज कन्ट्रोल रुमले जनाएको छ । ब्यारेजका दुईवटै नहर बन्द गरिएको छ । पानीको बहाव थेग्न नसकेर नहर भत्किन सक्ने भएकाले नहर बन्द गरिएको हो । जल तथा मौसम विज्ञान विभागको बाढी सूचना केन्द्रले सप्तकोशीमा बहाव बढ्दो क्रममा रहेको जनाएको छ । त्यसैले सुनसरी र सप्तरी जिल्लाका तटीय क्षेत्रमा बुधबार विहानसम्म उच्च सतर्कतासाथ रहन वा सुरक्षित स्थानमा जान सूचित गरेको छ । स्थानीय प्रशासनले जोखिम क्षेत्रका बासिन्दालाई सतर्क रहन सूचना प्रवाह गरेको छ ।

### ओपीडी र आकस्मिक कक्ष बन्द

विराटनगर । विराटनगर महानगरपालिकाले कोरोना संक्रमितको विवरण लुकाउने विराट नर्सिङहोम (विराटनगर अस्पताल) ओपीडी र आकस्मिक कक्ष बन्द गराएको छ । बुधबार अस्पतालकै एकजना अधिकारीमा कोरोना संक्रमण पुष्टि भएपछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश १ को सामाजिक विकास मन्त्रालय र स्थानीय प्रशासनसँगको समन्वयमा बिहीबार अस्पतालको ओपीडी र आकस्मिक सेवा बन्द गरिएको हो । महानगरपालिकाको स्वास्थ्य महाशाखा प्रमुख रमेश कार्कीले अर्को सूचना नभएसम्म सेवा बन्द गराइएको जानकारी दिए । अस्पतालमा शुक्रबारदेखि 'डिसइन्फेक्ट' को काम थालिने र संक्रमितको कन्ट्र्याक ट्रेसिङ गर्न सुरु गर्ने तयारी गरिएको छ । मंगलबार अस्पतालले गलत विवरण भरेर स्वाब संकलन गरी कोशी अस्पतालमा जाँचका लागि पठाएका व्यक्तिमा संक्रमण पुष्टि भएको थियो । गलत विवरणका कारण रिपोर्ट आएपछि संक्रमितको खोजी गर्न स्थानीय प्रशासन र प्रहरीलाई समस्या भएको थियो ।

### कम्प्युटर अपरेटर अख्तियारको नियन्त्रणमा

नेपालगन्ज । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भेरी अस्पताल बाँकेमा कार्यरत कम्प्युटर अपरेटर अरुणराज खनाललाई नियन्त्रणमा लिएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवल अन्तर्गत सम्पर्क कार्यालय नेपालगञ्जबाट गएको टोलीले स्रोत नखुलेको १६ लाख १३ हजार ९७५ रुपैयाँसहित अस्पतालबाट नियन्त्रणमा लिएको शाखा अधिकृत मिनराज थापाले बताए । थापाका अनुसार खनालको कार्यकक्षमा रहेको दराजबाट उक्त रकम बरामद भएको हो । विभिन्न फर्म तथा पसलेहरुबाट लिएको कमिसन तथा चेक रकम खनालले आफ्नै कार्यकक्षमा राखेको भन्ने सूचनाको आधारमा आयोगको टोलीले उनलाई नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको थापाले बताए ।

### बाढीमा परेर तीन हजार ब्रोइलर खुकुरा मरे

रुपन्देही । सैनामैनास्थित-७ को सुपा देउराली पोल्ट्री उद्योगमा बाढी पस्दा ३ हजार ब्रोइलर कुखुरा मरेका छन् । बाढीका कारण ८० बोरा दाना समेत भिजेर नोक्सान भएको अधिकारीले बताए । विगत ८ वर्षदेखि फर्म सञ्चालन गर्दै आएका अधिकारीले लकडाउनका कारण आर्थिक चपेटा परिरहेको बेला बाढीले फर्ममा क्षति गरेपछि झन् समस्या भएको थियो । पानीले २० लाख रुपैयाँ बराबरको क्षति गरेको बताइएको छ ।

## अयोध्याबारे नेपालका प्रधानमन्त्रीको भनाइमा टिप्पणी जरुरी छैन : भारत

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले राम जन्मभूमि भारतमा नभइ नेपालमै रहेको भनेर दिएको अभिव्यक्तिलाई लिएर भारतीय विदेश मन्त्रालयले कुनै टिप्पणी नगर्ने जनाएको छ । भारतीय विदेश मन्त्रालयका प्रवक्ता अनुराग श्रीवास्तवले नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले 'रामको जन्मभूमि' बारेमा दिएको अभिव्यक्तिबारे पत्रकारले सोधेको प्रश्नको उत्तर दिँदै यसबारेमा टिप्पणी नगर्ने बताए । 'भारतको विशाल र समृद्ध सांस्कृतिक विरासत विश्वभर परिचित छ । नेपालको विदेश मन्त्रालयले पनि यसबारेमा स्पष्टीकरण दिइसकेको छ', उनले भने, 'हामीले यसबारेमा थप टिप्पणी गर्न जरूरी छैन, म यसबारेमा केही भन्न चाहन्नँ ।' प्रधानमन्त्री ओलीले आदिकवि भानुभक्त आचार्यको जन्म जयन्तीका अवसरमा भगवान रामको जन्म वीरगञ्जबाट पश्चिमस्थित ठोरीमा भएको दाबी गरेका थिए । प्रधानमन्त्रीको उक्त अभिव्यक्तिलाई लिएर नेपालमा भारतलाई चिढ्याउने प्रयासका रुपमा टिप्पणी भइरहेका बेला भारतीय विदेश मन्त्रालयले टिप्पणी नगर्ने जनाएको हो ।

## भारतमा २३ करोड मानिस गरिबीमुक्त

काठमाडौं । भारतमा सन् २००५ देखि सन् २०१६ को बीचमा २३ करोड मानिस गरिबीमुक्त भएको संयुक्त राष्ट्र संघले जनाएको छ । भारतले विश्वको सबैभन्दा बढी गरिबी उन्मुलन गर्ने देशका रुपमा देखिएको राष्ट्रसंघले जनाएको छ ।
संयुक्त राष्ट्र संघ विकास कार्यक्रम (युएनडीपी), अक्सफोर्ड गरिबी र मानविकास पहलले ७५ देशको गरिबीको अवस्थाको मूल्यांकन गरेको हो । सन् २००० देखि सन् २०१९ सम्मको गरिबी मूल्यांकनको तथ्यांकले खानपान, शिक्षा, स्वास्थ्य, आर्थिक स्थिती, हिंसा, लैंगिक विभेद्, बासस्थानलगायतका कुराहरुलाई आधार मान्दै गरिबीको मुल्यांकन गरेको हो ।
त्यस अनुसार भारतमा अन्य मुलुकको तुलनामा बढी गरिबी उन्मुलन भएको पाइएको हो । भारतबाहेक नेपाल, माली, नाइजर, गुयाना, रावन्डा,अर्मेनिया, निकारागुआ र उततर मेकोडिनामा पनि ठूलो जनसंख्याको स्तर गरिबीबाटमुक्त भएको छ। भारतले त्यतिबेलाको तथ्यांकका आधारमा आफ्नो गरिबी झण्डै आधाले झारेको तथ्यांकले देखाएको छ ।
विगतका यी सफलताले कोरोना भाइरसको माहामारीपछि पनि सफलतातर्फ अघि बढ्न सकिने आशा देखिएको भारतले जनाएको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले कोरोना भाइरसको महामारीका समयमा समेत भारतले १ सय ५० देशलाई सहयोग गरिरहेको बताएका छन् ।
संयुक्त राष्ट्र संघको आर्थिक र सामाजिक आयोगमा सम्बोधनका क्रममा बोल्दै भारतीय प्रधानमन्त्री मोदीले कोरोना भाइरसको माहामारीका बेला औषधि एवं अन्य किसिमको सहयोग डेढ सय मूलुकलाई गरिरहेको बताएका हुन् । सो क्रममा भारतले नेपाललाई २३ टन औषधी लगायत स्वास्थ्य सामग्री सहयोग गरेको थियो। मोदीले भारतले भुकम्प, आँधी या इबोला जस्ता हरेक संकटका बेला तीव्र ऐक्यवद्धता जनाउँदै अघि बढेको बताए ।

## विश्वको कुनै शक्तिले भारतको एक इन्च जमिन पनि लिन सक्दैन : रक्षामन्त्री सिंह

नयाँ दिल्ली । भारतीय रक्षामन्त्री राजनाथ सिंहले भारतको एक इन्च जमिन पनि कोही लिन नसक्ने दाबी गरेका छन् ।
रक्षामन्त्री सिंहले भारत-चीनबीच सीमा समस्या समाधानका लागि वार्ता भइरहेको जनाउँदै विश्वको कुनै पनि शक्तिले भारतको एक इन्च जमिन अतिक्रमण गर्न नसक्ने बताएका छन् । उनले भने, 'भारत-चीनबीचको समस्या समाधानका लागि वार्ता भइरहेको छ । वार्ताबाट समाधान निस्किनुजस्तो उत्कृष्ट अरु केही हुनसक्दैन । तर, यो कुन समयमा र अवस्थामा समाधान हुन्छ भन्ने ग्यारेन्टीका साथ भन्न सकिने अवस्था छैन ।'
दुई दिने भ्रमणका क्रममा रक्षामन्त्री सिंहले रक्षा अधिकारी विपिन रावत र सेना प्रमुख मनोज मुकुन्द नरवणेसहित लद्दाख र जम्मु काश्मीर पुगेका हुन् ।
उनले त्यहाँ इन्डो-तिब्तीयन बोर्डर पोलिसलाई सम्बोधन गर्दै भने, 'तपाईंहरुसँग कुराकानी गर्न पाउनु मेरो अहोभाग्य हो । सीमा क्षेत्रका सुरक्षाकर्मीले देखाएको दृढताले सिंगो मुलुक गौरवान्वित भएको छ । प्रधानमन्त्री नरेन्द्र मोदीले समेत सीमा रक्षाका क्रममा जीवनको आहुती दिएका सहिदहरुको बलिदानलाई खेर जान नदिने बताउनु भएको छ ।'
रक्षामन्त्री सिंहले पारा ड्रोपिङ र स्कोपिङ हतियार प्रदर्शनको अवलोकन गरेका थिए । उनले पिका मेसिन गनसमेत निरीक्षण गरेका थिए । यसअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी लद्दाखको लेह पुगेर सीमा सैनिकलाई सम्बोधन गरेका थिए ।

## खोप अनुसन्धानमा चीनले जासुसी गऱ्यो : अमेरिका

वासिङ्टन । अमेरिकाले चीनद्वारा प्रायोजित ह्याकरहरूले कोरोना भाइरस (कोभिड-१९) को खोप विकासका लागि क्रियाशील प्रयोगशालालाई निसाना बनाइरहेको आरोप लगाएको छ। अमेरिकी न्याय मन्त्रालयले कोभिड-१९ बारे अनुसन्धान गरिरहेका अमेरिकी कम्पनीहरूबारे दुई जना चनियाँ नागरिकले जासुसी गरेको अभियोग लगाएका छन्। ती ह्याकरहरूले सूचना चोरी गर्न सरकारी सूत्रहरूबाट सहयोग लिएको अमेरिकी सरकारले दाबी गरेको छ। अधिकारीका अनुसार ती दुई जनालाई साइबर गुप्तचरीविरुद्ध अमेरिकी सरकारको अभियानअन्तर्गत मुद्दा चलाइएको छ। इलेक्ट्रिकल इन्जिनियरिङका दुई विद्यार्थी ली सियाओई र डुङ जियाजमाथिको अभियोग मंगलबार सार्वजनिक गरिएको हो।

## भारतसँग विद्युत् व्यापार गर्न स्वीकृति

काठमाडौं । सरकारले छिमेकी मुलुक भारतसँग विद्युत् व्यापारका लागि नेपाल विद्युत् प्राधिकरणलाई पूर्वस्वीकृति दिएको छ । विद्युत् प्राधिकरणमा अन्तरदेशीय विद्युत् व्यापारका लागि सरकारको स्वीकृति लिनुपर्ने व्यवस्था छ । आन्तरिक उत्पादन बढी हुँदा भारतमा बेच्न सक्ने र उत्पादन कम हुँदा तत्काल छिमेकी मुलुकबाट विद्युत् ल्याउन सक्ने गरी प्राधिकरणलाई स्वीकृति दिइएको सरकारका प्रवक्ता मन्त्री युवराज खतिवडाले जानकारी दिए । सरकारको पूर्वस्वीकृति पाएपछि प्राधिकरण आफैंले प्रतिस्पर्धी मूल्यमा विद्युत् खरिद-बिक्री गर्न सक्नेछ/ । सरकारले यस्तो स्वीकृति भारतसहित बंगलादेशसँग पनि दिएको छ ।
प्राधिकरणले लामो समयदेखि भारतको इनर्जी एक्सचेन्ज मार्केटमा छोटो अवधिका लागि विद्युत् बिक्रीको तयारी गरिरहेको छ । भारतको यो बजारमा सेयरको खरिद-बिक्री जस्तै विद्युत्को रियल टाइममा खरिद गर्न सकिन्छ । प्राधिकरणले आफ्नातर्फबाट उक्त बजारमा प्रतिनिधित्व गर्न भारतीय एनभीभीएन लिमिटेडलाई आफ्नो नोडल एजेन्सी तोकिसकेको छ । सरकारको स्वीकृतिसँगै प्राधिकरणले भारतको यो बजारसँगै अन्य बजारमा पनि रियल टाइम वा डे अहेड वा टर्म अहेड मार्केटमा विद्युत् व्यापार गर्न सक्नेछ । सरकारसँग भएको सम्झौताअनुसार प्राधिकरणले सिमाना जोडिएका भारतका राज्यसँग आवश्यक पर्दा विद्युत् आदानप्रदान गरिरहेको छ ।
अब भने प्राधिकणले भारतको जुनसुकै प्रान्तमा पनि विद्युत् व्यापार गर्न सक्ने प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए । प्राधिकरणले अहिले पनि विद्युत् उत्पादन बढी हुँदा बिहारसहितका भारतीय राज्यसँग विद्युत् आदानप्रदान गरिरहेको छ ।
अहिले पनि नेपाल र भारतबीच भएको विद्युत् व्यापार सम्झौताअनुसार प्राधिकरणले अभाव भएका बेला विद्युत् खरिद गरिरहेको छ । यो विद्युत् पहिल्यै तय गरिएको मूल्य र परिमाणका आधारमा खरिद गर्ने गरिएको छ । सरकारको स्वीकृतिसँगै प्राधिकरणले प्रतिस्पर्धाका आधारमा मूल्य तय गरेर छिमेकी देशसँग विद्युत् खरिद-बिक्री गर्न सक्नेछ ।

## पशुपतिबाट भारतीय भट्ट हटाउने हल्ला निराधार

काठमाडौं । पशुपति क्षेत्र विकास कोषले भारतीय मुलका भट्ट हटाउने भनि चलेको हल्ला निराधार भएको प्रष्टिकरण दिएको छ । प्रधानमन्त्रीले राम जन्मभूमि अयोध्याबारे दिएको अभिव्यक्ति विवादमा परेपछि पशुपतिबाट भारतीय भट्ट हटाउन लागिएको भन्ने विषय चर्चामा आएको छ । विकास कोषले विज्ञप्ति जारी गर्दै भट्ट हटाउने चर्चाको खण्डन गरेको हो ।
कोषका सदस्य सचिव प्रदीप ढकालले जारी गरेको विज्ञप्तिमा भनिएको, 'नेपाल सरकार, संस्कृत, पर्यटन तथा नागरिक उड्यन मन्त्रालय र पशुपति क्षेत्र विकास कोष कसैको पनि यस खालको सोच नरहेको जानकारी गराउन चाहन्छौं ।' विकास कोषले नेपाल र भारतका बीचमा सदियौंदेखि जनस्तरमा कामय भएको धार्मिक, आध्यात्मिक, सामाजिक र साँस्कृतिक सम्बन्ध बिगार्न केही शक्ति लागिपरेको उल्लेख गरेको छ । 'प्रगाढ सम्बन्धलाई धुमिल गर्न कतिपय शक्तिहरु सक्रिय रहेको हुँदा त्यस्ता भ्रामक समाचारको पछाडि नलाग्न सम्बन्धित सबैमा विनम्र अनुरोध गर्दछु', ढकालले भनेका छन् ।

## कोरोनाको खोप उत्पादन सिरम इन्स्टिच्युट

नयाँदिल्ली । अक्सफोर्ड युनिभर्सिटीको दोस्रो चरणको परीक्षण पूरा भएको कोरोना भ्याक्सिन (खोप) भारतमा उत्पादन भइरहेको छ । विश्वको सबैभन्दा ठूलो भ्याक्सिन निर्माता कम्पनी सिरम इन्स्टिच्युट अफ इन्डियाले खोपको उत्पादन गरिरहेको छ । भारतीय न्युज च्यानल एबीपी न्युजका अनुसार खोपका एक करोड डोज उत्पादन भइसकेका छन् । आगामी नोभेम्बरसम्म खोपको अन्तिम नतिजा आउने अपेक्षा गरिएको छ । अक्सफोर्डले मंगलबार खोपको दोस्रो चरणको परीक्षण पूरा भएको जनाएको थियो । सिरम इन्स्टिट्युटका कार्यकारी निर्देशक डा. राजीव ढोरेले ठूलो परिणाममा भ्याक्सिन उत्पादन गरिएको र भ्याक्सिनलाई सप्लाई गरिने सिसीमा भर्ने काम मात्रै बाँकी रहेको बताएका छन् । उनले आगामी डिसेम्बरसम्म कोरोनाको भ्याक्सिन बनाइसक्ने कम्पनीको लक्ष्य रहेको पनि बताएका छन् ।

## आर्थिक समाचार

### ग्लोबल आइएमई बैंकले ल्यायो आकर्षक व्याजदरमा कर्जा प्रवाह योजना

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडले आकर्षक व्याजदरमा कर्जा प्रवाह गर्ने योजना ल्याएको छ । सस्तो तथा सरल किस्ताबन्दीमा घर निर्माण गर्न, घर, जग्गा तथा गाडी किन्न र सेयरको धितोमा कर्जा लिन इच्छुकग्राहकलाई लक्षित गरी बैंकले यो योजना ल्याएको हो । ग्लोबल घर कर्जाअन्तर्गत सेवाग्राहीले २५ वर्षसम्मको अवधिका लागि ८.७५% ब्याजदरमा घरजग्गाकर्जा लिन पाउनेछन् र यस कर्जाको व्याजदर १ वर्षसम्म स्थिररहनेछ । यसैगरी बैंकले ८.९९५ मागाडीकर्जा( ब्रातय ायिबल) र ९.४९५ मासेयरको धितोमा कर्जा प्रवाह गर्नेछ । यस योजनामा सहभागी हुने सेवाग्राहीलाई डेबिट/क्रेडिट कार्ड जारी शुल्कमा ५०५छुट र लकर सुविधामा ५०५छुटप्रदान गरिनेछ । बैंकले, कोरोना (कोभिड-१९)ले त्रसित बनाइरहेको अवस्थामा ग्राहकलाई छिटो, छरितो एवंम सहज रुपमा सेवा दिई हौसला र साथ प्रदान गर्ने उद्देश्यले छोटो अवधिमै यी कर्जाहरु प्रवाह गर्न लागेको हो । कर्जा लिन चाहने महानुभावहरुले आवश्यक कागजातहरु बैंकमा पेश गरेको ३ कार्य दिन भित्र विना झन्झट कर्जा प्राप्त गर्न सक्नुहुनेछ ।

### आइएमईको भाग्याशाली विजेता

काठमाडौं । आइएमई सेवाग्राही मंगल बहादुर रोकाया आइएमई घरमैको विजेता घोषित भएका छन् । सफ्टवेयर पद्धतिमा आधारित 'लक्की-ड्र' मार्फत रोकाया विजेता घोषित हुनुभएको हो । विजेता रोकायाले रू. एक लाख (१,००,०००/-) पुरस्कार राशी प्राप्त गरेका छन् । आइएमई लिमिटेडले कोरोना भाइरस (कोभिड - १९) को प्रभावलाई मध्यनजर गर्दै घरबाहिर ननिस्की नै रेमिटेन्स गरिएको रकम सजिलै प्राप्त गर्न सकिन्छ भन्ने सन्देश प्रवाह गर्नका लागि "आइएमई घरमै- रू. १ लाख जितौं" भन्ने उपहार कार्यक्रम योजना गत जेठ ३१ गतेबाट सुरू गरेको थियो । सामान्य अवस्थामा नेपालभित्र गरिने रेमिटेन्स वा विदेशबाट आएको रेमिटेन्सलाई एजेन्टकहाँ गई रकम लिन सकिने भए तापनि हाल बाहिर निस्किँदा सङ्क्रमणको जोखिम हुने भएकाले आफ्नो मोबाइल फोनमा नै रकम प्राप्त गर्न सकिने गरी यो सेवाग्राहीमुखी योजना सार्वजनिक गरिएको थियो ।

### ग्लोबल साना तथा मझौला व्यवसायी कर्जा अब ३ दिनमै

काठमाडौं । ग्लोबल आइएमई बैंकले साना तथा मझौला व्यवसायमा लगानी गर्न चाहने तथा लगानी गरिरहेका व्यवसायीलाई मध्यनजर गर्दै मात्र ८.९९%व्याजदरमा साना तथा मझौलाव्यवसायी कर्जा (SME Loan) उपलब्ध गराउने भएको छ । बैंकले, कोरोना (कोभिड-१९)ले त्रसित बनाइरहेको अवस्थामा ग्राहकलाई छिटो, छरितो एवंम सहज रुपमा सेवा दिई साना तथा मझौला उद्यमी व्यवसायीहरुलाई हौसला र साथ प्रदान गर्दै उत्पादनमा बृद्धि गर्ने उद्देश्यका साथ छोटो अवधिमै कर्जा प्रवाह गर्न लागेको हो । कर्जा लिन चाहनेहरुले आवश्यक कागजातहरु बैंकमा पेश गरेको ३ कार्य दिन भित्र विना झन्झट कर्जा प्राप्त गर्न सक्नेछन् । ग्राहकहरुले नेपालभरी फैलिएका ग्लोबल आइएमई बैंकका सम्पूर्ण शाखाहरुबाट योसुविधा उपभोग गर्न सक्नेछन् । यस सेवा अन्तर्गत आफ्नो व्यवसाय विस्तार गर्ने उद्देश्य लिएका व्यवसायीहरुलाई विद्यमान व्यवसाय वा प्रस्तावित साना उद्योग व्यवसायको नगद प्रवाहको आधारमा रु.१५ लाख देखि देखि रु. १ करोड सम्म कर्जा उपलब्ध गराइने छ ।

## सीमा क्षेत्रको भारतीय बाधबारे नेपालले भारतसँग वार्ता गर्ने

काठमाडौं। नेपालले सीमावर्ती क्षेत्रमा भारतद्वारा निर्मित बाँधका कारण नेपाली भूमि डुबानमा परेको विषयमा भारतीय पक्षसँग वार्ता गर्ने भएको छ। ऊर्जा, जलश्रोत तथा सिंचाइमन्त्री वर्षमान पुन अनन्तले मन्त्रालयका उच्च अधिकारीलाई भेला गरी उक्त निर्देशन दिएका हुन्। मन्त्री पुनले सीमा क्षेत्रमा बाढी तथा डुबान समस्या समाधानका लागि 'बाढी तथा डुबान व्यवस्थापन सम्बन्धी नेपाल(भारत संयुक्त समिति (जेसीआईएफएम) को बैठक तत्काल डाँक्नेबारे भारतीय पक्षसँग छलफल गर्न निर्देशन दिए। दुवै देशका सह(सचिव रहने उक्त समितिको नेतृत्व नेपालका तर्फबाट सिँचाइ विभागका महानिर्देशक मधुकरप्रसाद राजभण्डारीले गर्नेछन्। 'बाढी र डुबानका कारण तराई क्षेत्रमा समस्या बढेको छ', मन्त्री पुनले भने, 'समस्या समाधानका लागि तत्काल भारतीय पक्षसँग सम्पर्क गरेर जेसीआईएफएमको बैठक डाक्नुस्।' नियमित कार्यतालिकाअनुसार जेसीआईएफएमको बैठक हरेक वर्ष नोभेम्बर महिनामा बस्ने गरेको सिँचाइ मन्त्रालयका सचिव रवीन्द्रथान श्रेष्ठले जानकारी दिए। 'नियमित बैठक नोभेम्बरमा बस्ने हो', श्रेष्ठले भने, 'मन्त्रीज्यूबाट निर्देशन भए अनुसार हामी तत्काल वार्ताका लागि भारतीय पक्षलाई खबर गर्छौं।' सचिव श्रेष्ठले भारतीय पक्षसँग अनौपचारिक तहमा भने समस्या समाधानबारे कुराकानी भइरहेको बताए।

## कोरोना भ्याक्सिनको ट्रायल सुरू

काठमाडौं। भारतको हरियाणा राज्यमा पर्ने रोहतकमा कोरोना भ्याक्सिनको ह्युमन ट्रायल सुरू भएको छ। हरियाणाका स्वास्थ्यमन्त्री अनिल विजले भारतमा तयार हुने कोरोना भ्याक्सिनको ह्युमन ट्रायल पीजीआई रोहतकमा सुरू भएको बताएका छन्। भारत बायोटेक कम्पनीले तयार गरेको कोभ्याक्सिनलाई मुसा र खरायोमा सफल प्रयोग गरिसकिएको छ। स्वास्थ्यमन्त्री विजका अनुसार यो भ्याक्सिन दिइएका मानिसहरुमा अहिलेसम्म नकारात्मक प्रभाव परेको छैन।

## धार्मिक एकता कायम राख्न महासंघको आग्रह

काठमाडौं । मर्यादा पुरुषोत्तम भगवान रामचन्द्रको जन्मस्थल अयोध्याका विषयमा प्रधानमन्त्री केपी शर्मा ओलीले दिएको अभिव्यक्तिका कारण हाल नेपाल भारत लगायत संसारभरिका धार्मिक तथा आध्यात्मिक संघसंस्थाहरु र हिन्दु ओमकार परिवारका बीचमा उत्पन्न परिस्थितिबारे विश्वहिन्दु महासंघको गम्भीर ध्यानाकर्षण भएको छ । युगौंदेखिको अविछिन्न रूपमा स्थापित नेपाल-भारत सामाजिक सांस्कृतिक धार्मिक तथा आध्यात्मिक सम्बन्धलाई अक्षुण राख्दै संसारको एकमात्रै देवभूमि तथा तपोभूमी नेपालसँग हाम्रा धामीक ग्रन्थहरुले निर्देशन गरे अनुरुप मिथिला तथा अयोध्याको सम्बन्ध स्पष्ट रहेको हुँदा उक्त विषयको तथ्य प्रमाणिकताका आधारमा अघि बढ्नु आवश्यक रहेको महासंघकी महासचिव अस्मिता भण्डारीले विज्ञप्तिमार्फत् जनाएकी छन् । महासचिव भण्डारीले विज्ञप्तिमा भनेकी छन्, 'यस हाम्रा वेद, पुराण, उपनिषद, रामायण तथा पौराणीक धार्मिक ग्रन्थमा उल्लेखित तथा निर्देशित मूल्य, मान्यता, परम्परा अनुरुप ओमकार परिवार यस विषयका ज्ञाता, राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका धर्मगुरुहरु र पुरातत्त्वका विज्ञहरुकाबीच गहिरो छलफल तथा अध्ययन अनुसन्धान गरिनु पर्दछ ।' अत: धर्म-संस्कृति र अध्यात्म जस्ता अति संवेदनशील भावनात्मक विषयहरुमा दुवै देशबीचको भाइचारा मित्रता प्रेम र आपसी सद्भावलाई कायम राख्दै धार्मिक सांस्कृतिक एकतामा आँच आउन नदिन सबै पक्ष बीच समझदारी कायम गरी सजगता अपनाइ अगाडि बढ्नका निम्ति विश्वहिन्दु महासंघले अनुरोध गरेको छ ।

## प्रदेश २...

तीन सय ४०, धनुषामा तीन सय ६०, महोत्तरीमा दुई सय ९५, सर्लाहीमा तीन सय ८०, रौतहटमा तीन सय ९०, बारामा तीन सय ३० र पर्सामा तीन सय ४५ गरी दुई हजार ८ सय १० जना सुरक्षाकर्मी परिचालन गरिएको प्रदेश २ का प्रहरी प्रमुख धिरजप्रताप सिंहले जानकारी दिए ।

यता प्रदेशमा बाढीको प्रकोप बढेपनि प्रदेश सरकारको तयारी शुन्य देखिएको छ । बाढी आउनु पूर्व नै उद्धार र राहतका लागि आवश्यक गर्नु पर्नेमा प्रदेश सरकारले बाढी आउँदा पनि तदारुकताका साथ उद्धार र राहतको व्यवस्था गर्न नसकेको हो ।

यद्यपी प्रदेश २ सरकारले बाढी प्रभावित क्षेत्रको अनुगमन सुरु गरेको छ । अविरल वर्षापछि आएको बाढीका कारण भएको क्षति तथा वस्तुगत अवस्थाबारे बुझ्नका लागि भौतिक पूर्वाधार विकास मन्त्री जितेन्द्र सोनलको नेतृत्वमा अनुगमन सुरु भएको हो ।

प्रदेश सरकारद्वारा गठन गरिएको मन्त्री सोनलको संयोजकत्वमा रहेको विपद् व्यवस्थापन तथा अनुगमन समितिद्वारा सिरहास्थित कमला नदी, घुर्मी नदी, बतहा नदी, बलान नदी, गागन नदी लगायतका नदीमा आएको बाढी र सोबाट भएको कटान तथा डुबानले गरेको क्षतिको अध्ययन तथा अनुगमन थालेको छ ।

अनुगमन सुरु गर्दै मन्त्री सोनलले बाढी प्रभावित क्षेत्रहरुमा प्रदेश सरकारले अनुगमन पश्चात उद्धार तथा राहतको कार्य सुरु गरिने बताए । उनले बाढीको प्रभावलाई न्यूनीकरण गर्न सरकारले आगामी दिनहरुमा विज्ञमार्फत दिर्घकालिन योजना ल्याउन गइरहेको समेत जानकारी दिए ।

मन्त्री सोनलले राहतका लागि प्रदेश सरकार पूर्ण रुपले तम्तयार रहेकाले छिट्टै प्रभावित क्षेत्रमा राहत टोली समेत पुग्ने स्पष्ट पारे ।

उनले प्रदेशका ८ वटै जिल्लामा आएको बाढीले पुऱ्याएको क्षतिको स्थलगत अनुगमन गरी वास्तविक पीडितलाई राहत उपलब्ध गराउने र अन्य मर्मतसम्भार जस्ता कामको लागि समितिले सरकारलाई सिफारिस गर्ने जानकारी दिए ।

अनुगमनमा आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्रकुमार यादव, उद्योग, पर्यटन वन तथा वातावरणमन्त्री रामनरेश राय र सिरहाका प्रमुख जिल्ला अधिकारी प्रदिपराज कँडेल लगायतको सहभागिता थियो ।

## ४५ सय...

चैत, वैशाख, जेठ र असार महिनाको कृषि ऋणको ब्याजबापत तिरिदिएको हो । सरकारले पाँच लाखभन्दा मुनिका कृषि ऋणीको ब्याज तिरिदिएको र पाँच लाखभन्दा बढी कृषि ऋण लिएकाहरूको पनि ब्याज प्रदेश सरकारले तिरिदिने मन्त्री साहले बताए ।
सप्तरीबाट कृषि ऋणको ब्याज तिरिदिन भन्दै ६ हजार पाँच सय ७२ किसानले कृषि ज्ञान केन्द्रमा आवेदन दिएका थिए । मन्त्री साहका अनुसार ५० बैंक तथा वित्तीय संस्थालाई ब्याजबापत तीन करोड तीन लाख ५५ हजार नौ सय ६३ रुपैयाँ ६७ पैसाको चेक हस्तान्तरण गरिएको छ ।
यता लकडाउनले कृषि बालीमा क्षति भएकोलाई पुनर्स्थापनातर्फ एक सय ४१ किसानलाई २३ लाख २१ हजार दुई सय ६९ रुपैयाँ र पशुपक्षीतर्फ क्षति भएका एक सय ६६ कृषकलाई ९८ लाख ६० हजार तीन सय ४० रुपैयाँ अनुदानस्वरूप प्रदान गरिएको मन्त्री साहले बताए ।
प्रदेश सरकारको आह्वानमा आठवटै जिल्लामा ८० हजारले कृषि ब्याज तिरिदिन आवेदन दिएका छन् । त्यसमध्ये पहिलो चरणमा ५० हजारको कृषि ऋणको चार महिनाको ब्याज प्रदेश सरकारले तिर्ने मन्त्री साहले बताए ।

## अयोध्यामा...

राम मन्दिरमा श्रद्धालु ठूलो संख्यामा दर्शनका लागि आउँछन् । उनीहरुलाई हैरानी नहोस् भनेर मन्दिरको मूल स्वरुप नबिगारी नयाँ डिजाइन गरिएको हो । राम मन्दिरको नयाँ डिजाइनमा एक मण्डप बनाउने प्रस्ताव पनि छ । जसमा एक पटकमा ५० हजार भक्तजन अट्ने क्षमता हुनेछ ।






**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **डा.राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं